# लेखापरीक्षण प्रतिवेदन

## ताराखोला गाउँपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# ताराखोला गाउँपालिका, बाग्लुङ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौँटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/845

श्रीमान् अध्यक्षज्यू,
ताराखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, बाग्लुङ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/845

**स्थानीय तहको रायसहितको प्रतिवेदन**

श्री अध्यक्षज्यू ,

ताराखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

बाग्लुङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको रु.७६ करोड ४९ लाख १० हजार लेखापरीक्षण गरिएकोमा रु.३८ लाख २३ हजार (०.५० प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.१७ लाख २२ हजारको प्रतिक्रियाबाट फस्योंट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.१ लाख ०२ हजार, नियमित गर्नुपर्ने रु.१२ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.७ लाख ८४ हजार रहेको छ।गत वर्षसम्म रु.११ करोड ६७ लाख २७ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.८ करोड १२ लाख ७१ हजारको सम्परीक्षण भएकोमा सम्परीक्षणबाट रु.३ लाख बेरुजु कायम भई यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बेरुजु रु.३ करोड ७८ लाख ५७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट


व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०० | ५५ | ३८,२३,७९९ | ० | ३९ | १७,२२,४१० | ० | १०० | १६ | २१,०१,३८९ | १,०१,८६२ | १२,१५,१६० | ७,८४,३६७ | ० | ० | १९,९९,५२७ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बाग्लुङ | ११,६७,२७,०६५ | 0 | ८,१२,७१,४२१ | ३,५४,५५,६४४ | ३,००,००० | २१,०१,३८९ | ३,७८,५७,०३३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|
| १ | २०८१/८२ | सामाजिक सुरक्षा भत्ता वितरण तर्फः | ५३,९९५ |
| २ | २०८१/८२ | श्रमिक सामाजिक सुरक्षा कोष : | ४,९४,८३२ |
| ३ | २०८१/८२ | शिक्षा तर्फः | ६,१५,००० |
| ४ | २०८१/८२ | धरौटी तथा कर दायित्वः | १,०८,९८३ |
| ५ | २०८१/८२ | चालु खर्च परीक्षणः | १,२३,३०० |
| ६ | २०८१/८२ | आन्तरिक आयतर्फः | ३,२६,३०० |
| **यस वर्षको जम्मा** | | | **१७,२२,४१०** |

| | | | |
|---|---|---|---|
| ७ | २०८०/८१ | श्रमबैंक संचालनः | ४,४८,२७३ |
| ८ | २०८०/८१ | पुँजिगत तर्फः | १,३९,८२,४०३ |
| ९ | २०८०/८१ | दरबन्दी बाहिरको करार सेवाः | १७,७३,७२० |
| १० | २०८०/८१ | चालुतर्फः | ४२,००० |
| ११ | २०७९/८० | हिसाव मिलान | १९,७७,५८१ |
| १२ | २०७९/८० | सहकारी संस्था मार्फत गराएको | ५१,६८,४५१ |
| १३ | २०७९/८० | शिर्षक फरक | ८,२८,८३५ |
| १४ | २०७९/८० | लिफ्ट जडान | ३४,३५,२०० |
| १५ | २०७९/८० | परामर्शदाता खर्च – | ६७,१६,१५९ |
| १६ | २०७९/८० | नमूना विद्यालय कार्यक्रम | ८४,००,००० |
| १७ | २०७९/८० | ट्रसपुल र शौचालय निर्माण- | १९,९६,८१९ |
| १८ | २०७९/८० | औषधीको सदुपयोग | ४,१७,४०० |
| १९ | २०७९/८० | अधुरो तथा न्यून प्रतिस्पर्धा लयायतका शिर्षकहरु | १,९५,७८,०१९ |
| २० | २०७८/७९ | स्वास्थ्य | ४१,३८५ |
| २१ | २०७८/७९ | खरिद व्यवस्थापन | ३५,५०,००० |
| २२ | २०७८/७९ | अन्य प्रशासनिक खर्च तथा विविध | २,७३,७२७ |
| २३ | २०७७/७८ | सोझै खरिद | ३१,५७,५४५ |
| २४ | २०७७/७८ | सिमाभन्दा बढी बजेट खर्च | ६६,२०० |
| २५ | २०७७/७८ | सम्पुरक अनुदान | २७,६०,००० |
| २६ | २०७७/७८ | पुर्व निर्धारित क्षतिपुर्ति | ८,०६,४९१ |
| २७ | २०७७/७८ | नाफामूलक संस्थालाई अनुदान | ५,००,००० |
| २८ | २०७७/७८ | द्धन्द पिडित छात्रवृति | ३,५३,००० |
| २९ | २०७७/७८ | कृषि उपज संकलन तथा गोदाम घर निर्माण | ४२,००,००० |
| ३० | २०७७/७८ | कार्यालयको काम उपभोक्ता समितिवाट गराएको | ६,१७,५०० |
| ३१ | २०७७/७८ | ऐनमा उल्लेख नभएको सुविधा | ५०,००० |
| | | | |

| | | | |
|---|---|---|---|
| **गत विगतको जम्मा** | | | **८,११,४०,७०८** |
| NAMS प्रणाली भन्दा बाहिरको समपरीक्षण | | | |
| ३२ | २०७४/७५ | प्रमाण पेश गर्नुपर्ने | ३५,००० |
| ३३ | २०७४/७५ | कार्यसम्पन्न प्रतिवेदन | ९५,७१३ |
| **जम्मा** | | | **१,३०,७१३** |
| **कुल जम्मा** | | | **८,२९,९३,८३१** |

# ताराखोला गाउँपालिका, बाग्लुङ

# ( ८०४४५५०३३०० )

# ताराखोला गाउँपालिका , बाग्लुङ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १२८.९३, वर्ग किलोमिटर १२५७९ र घरधुरी २३२३ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०८ देखि २०८२।०८।२० सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको यस वर्षको आय-व्ययतर्फ रु.७६ करोड ४९ लाख १० हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८५८५४.० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | विद्यालयलाई बढी निकासा असुली | ८५८५४.० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक विवरण र अभिलेखः**

२.१ **वित्तीय प्रतिवेदनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छ भने स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ ।

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **सुरु मौज्दात** | | **चालु खर्च** | |
| १.संचित कोष | ३२९१३१८५.३८ | १.पालिकातर्फ | ६२१००२६४.११ |
| २.धरौटी | ७१२३३२९.८२ | २.संघीय सशर्त | १३६४३७२५३.०० |
| ३.कार्यसञ्चालन कोष (विविध खर्चखाता) | ७८२३८४.८३ | ३.संघीय विशेष | |
| ४. अन्य कोष | | ४.प्रदेश सशर्त | |
| **यस वर्षको आय** | | ५.प्रदेश विशेष | |
| **१.आन्तरिक आय** | १४५०९४२३.१९ | **पुँजीगत खर्च** | |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | **१.पालिका तर्फ** | ६४२५४२२३.५४ |
| क) समानीकरण अनुदान | ६६३४२४८०.०० | **२.संघीय सशर्त** | ११७९७२१५.०० |
| ख) राजस्व बाँडफाँट | ६३००८३३६.४० | **३.संघीय विशेष** | |
| ग) सशर्त अनुदान | १६३७७८५२०.०८ | ४.संघीय समपुरक | ४२१७०००.०० |
| घ) समपुरक अनुदान | ४२१७०००.०० | ५.प्रदेश सशर्त | |
| ङ) विशेष अनुदान | | ६.प्रदेश विशेष | ३७८८८००.०० |
| च) रोयल्टी | | ७.प्रदेश समपुरक | ४०६१०००.०० |
| छ) अन्य | | अन्तर सरकारी अख्तियारी (संघ) | |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | क) सामाजिक सुरक्षा | ६०८७८६५४.६८ |
| क) समानीकरण अनुदान | ७९४५०००.०० | | |
| ख) राजस्व बाँडफाँट | ४०४८७०९.९० | ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २६५०००.०० |
| ग) सशर्त अनुदान | | घ) उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय | १५००००.०० |
| घ) समपुरक अनुदान | ४०६१०००.०० | अन्तर सरकारी अख्तियारी (प्रदेश) | |
| ङ) विशेष अनुदान | ३७८८८००.०० | ऋण फिर्ता(साँवा) | |
| च) रोयल्टी | | **ऋणको ब्याज भुक्तानी** | |
| छ) अन्य | | **धरौटी फिर्ता तथा सदर स्याहा** | १७१००३२.७८ |
| **४.अन्तर सरकारी अख्तियारी (संघ)** | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | २५०००००.०० |
| क) सामाजिक सुरक्षा | ६०८७८६५४.६८ | **अन्य कोषबाट भएको खर्च** | |
| ख) गरिबसँग विशेश्वर कार्यक्रम | | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | |
| ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | २६५०००.०० | **अन्यसहयोगमा सञ्चालित योजना** | |
| घ) उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय | १५००००.०० | **अन्य खर्च भएमा** | |
| **५. अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | |
| **६. ऋण/वित्तीय व्यवस्था** | | **अनुदान फिर्ता** | |
| **७. धरौटी आय** | १४९१३१९.०० | १.संघ तर्फ | |
| | | | |

| | | | |
|---|---|---|---|
| **८.कार्यसञ्चालन कोष आय** | २५०००००.०० | क) सशर्त अनुदान | १५७६६०५१.०८ |
| **९. अन्य कोषको आय** | | ख) विशेष अनुदान | |
| **१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | ग) समपुरक अनुदान | |
| **११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | | **२.प्रदेश तर्फ** | |
| **१२. अन्यआयभएमा** | | क) सशर्त अनुदान | |
| | | ख) विशेष अनुदान | |
| | | ग) समपुरक अनुदान | |
| | | **अन्तिम मौज्दात** | |
| | | १. संचितकोषको मौज्दात | ६२७४४३३६.०७ |
| | | २. धरौटी | ६९०४६१५.०४ |
| | | ३. कार्यसञ्चालनकोष | २२८६९६.९८ |
| | | ४. अन्यकोष | |
| **जम्मा** | **४३७८०३१४३.२८** | **जम्मा** | **४३७८०३१४३.२८** |

स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा.नं. २७० ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको देखिएन।

एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालु शीर्षकवाट गर्नुपर्नेमा कतिपय पुँजीगत शिर्षक र पुँजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शिर्षकवाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वियन भएको छैन। अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था देखिदैन।

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले ज्येष्ठ नागरि सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको रु.६०८७८६५५.०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. २६५०००.० र ऊर्जा जलस्रोत तथा खानेपानी कार्यक्रम रु. १५००००.० सहित जम्मा रु. ६१२९३६५५.० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।

२.३

**फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ७७१८५८, यस वर्षको प्राप्ति रु.८५१२२५१४.०, यस वर्षको भुक्तानी रु.७८७९०८३१.० र बैङ्क मौज्दात रु. ७०९३५८४.० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४००४७०४२ | ३११८६१७२९ | २८९१३४६६४ | ६२७८४०६४ |
| एकीकृत आर्थिक विवरण अनुसार | ४०८१८९०० | ३९६९८४२४३ | ३३६९२५४९५ | ६९८७७६४८ |
| फरक | ७७१८५८ | ८५१२२५१४ | ७८७९०८३१ | ७०९३५८४ |

२.४ **बैङ्क हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरकरु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ६२७४९९०६.०७ | ६२७४९९०६.०७ | 0 |
| विविध खर्च खाता | २२८६९६.९८ | २२८६९६.९८ | 0 |
| धरौटी | ६९०४६१५.०४ | ६९०४६१५.०४ | 0 |
| बैङ्क | ६९८७७६४८.०९ | ६९८७७६४८.०९ | 0 |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच फरक नदेखिएकाले समयमा नै हिसाब मिलान गर्ने कार्यलाई निरन्तरता दिनु पर्दछ।

२.५ **फरक जिम्मेवारीः** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको वार्षिक प्रतिवेदन अनुसार रु. ३८८८४४८२.० मौज्दात रहेकोमा यो वर्ष रु. ४०८१८९००.० जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १८३४४१८.० बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

## ३ योजना तथा बजेट कार्यान्वयनः

३.१ **योजना तथा बजेट कार्यन्वयनः** यसवर्ष पालिकामा योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको छैन।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको छैन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• पालिकाले यस वर्ष धेरैजसो योजनाहरुको अनुगमन प्रतिवेदन नराखी भुक्तानी गरेको छ।

• पालिकाले दीर्घकालिन लाभ हुने र धेरै जनसङ्ख्या लाभानन्वित हुने खालका योजना तर्जुमा गरी कार्यन्वयनमा लगेको देखिएन।

• पालिकाले योजना तर्जुमा गर्दा स-साना योजनाहरु धेरै बनाएको देखिन्छ।

• पालिकाले दिगो विकासका अन्तराष्ट्रिय लक्ष्यहरुलाई आन्तरिकीकरण गर्न प्रयास गरेको देखिएन।

३.२ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छ। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

४ **बजेट तथा कार्यक्रम कार्यान्वियनः**

४.१ **खर्च विश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १५७४०३१.० अ.ल्या. आन्तरिक श्रोत रु. ३२९१३१८५.३८ राजस्व बाँडफाँट रु. ६६५६०९४२.० संघीय अनुदानबाट रु. २१८७९५९४९.० तथा प्रादेशिक अनुदानबाट रु. १५७९४८००.० समेत रु. ३३५६३८९०८.० आम्दानी भएकोमा चालु तर्फ रु. १९८५६७५१७.० र पूँजीगत तर्फ रु. ९०५९७१४६.० समेत रु. २८९१३४६६३.० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुविधामा रु. ६४५२४०३.० खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा २५ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान रु. २३४५८८७४९.० र राजस्व बाँडफाँडको रु. ६६५६०९४२.० रकमबाट ६६ प्रतिशत चालु र ३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

४.२ **क्षेत्रगत कार्यक्रम तथा खर्च विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार अनुगमन गर्नुपर्दछ।

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २०३२५००० | १२०१५९६८ | ४.१६ |
| सामाजिक क्षेत्र | १६५६८०००० | १४२३१७९३३.७२ | ४९.२२ |
| पूर्वाधार विकास क्षेत्र | १३२८३८००० | ५९३६८३६६ | २०.५३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४४३००० | २९८८५० | ०.११ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ८८२६८००० | ७५१३३५४५ | २५.९९ |
| **जम्मा** | **४०७५५४०००** | **२८९१३४६६३** | |

माथि उल्लिखित तालिका अनुसार सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४९.२२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा न्यून ०.११ प्रतिशत खर्च भएको देखिन्छ। पूर्वाधार विकास क्षेत्रमा २०.५३ प्रतिशत, आर्थिक विकासमा ४.१६ प्रतिशत खर्च भएको र कार्य सञ्चालन तथा प्रशासनिक क्षेत्रमा २५.९९ प्रतिशत देखिन्छ। पूर्वाधार विकास क्षेत्रको बजेट लगायत पूँजीगत काममा विनियोजित बजेटबाट चेतनामूलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ। पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकिएन। पालिकाले आवश्यकता विश्लेषण गरी बजेट विनियोजन गर्ने र सोही अनुसार मात्र खर्च गर्ने गर्नुपर्दछ।

४.३ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री भिम बहादुर रोकाले मिति २०८१/०३/११ गते ४० करोड ७५ लाख ५४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा ४० करोड ७५ लाख ५४ हजारको बजेट मिति २०८१।०३।१२ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिने कार्यलाई निरन्तरता दिनुपर्दछ।

४.४ **रकमान्तरः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ। साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सक्ने तर पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्चमा रकमान्तर गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न ७९ शीर्षकबाट ५ करोड २४ लाख १५ हजार ४९८ घटाएको तथा ९६ शीर्षकबाट ५ करोड ४० लाख ५२ हजार ४९८ बजेट थप गरिएको देखिन्छ। यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा २५ हुने देखिन्छ। रकम थप गरिएका योजनाहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ। कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा बजेट उपशीर्षकअनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ। वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुँदा बजेट बनाउदा नै कार्यन्वयनयोग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर गर्नुपर्दछ।

४.५ **त्रैमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन

गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

रकम रु. हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | कुलखर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
| १ | ८०४४५५०४ | ९०५९७ | ७५४ | २८८९ | २०९८८ | ६५९७४ | ४६४४० |
| २ | प्रतिशत | १०० | ०.८३ | ३.२ | २३.१७ | ७२.८२ | ५१.२६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक खर्च भएको कुल रकममध्ये प्रथम त्रैमासिकमा ०.८३ प्रतिशत, दोश्रो त्रैमासिकमा ३.२ प्रतिशत, तेश्रो त्रैमासिकमा २३.१७ प्रतिशत र चौथो त्रैमासिकमा ७२.८२ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र ५१.२६ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा ०.८३ खर्च भएको देखियो। यो रकममा गत विगत वर्षको भुक्तानी दिन बाँकीको भुक्तानी पनि दिएको देखिन्छ। असार महिनामा मात्र ५१.२६ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन। खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुँदा समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

५ **कानून निर्माण अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | २२ |
| २ | नियमावली | ८ |
| ३ | कार्यविधि तथा निर्देशिका | २९ |
| जम्मा | | ५९ |

पालिकाले आर्थिक वर्ष २०८१।८२ सम्म २२ ऐन, नियमावली ८ र २९ कार्यविधि तथा निर्देशिका गरी जम्मा ५९ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। केही डिजिटल राजपत्रमा प्रकाशन गरेको पाईयो। ९ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। कतिपय स्थानीय कानूनहरु संघीय र प्रदेश कानूनसँग प्रतिकूल समेत देखिएकाले स्थानीय कानून तर्जुमा गर्दा संघीय र प्रदेश कानुनसँग अनुकूल गर्ने/गराउने तर्फ ध्यान दिनुपर्दछ।

६ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा घरयासी झै-झगडा भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। यसैगरी ऐनको ३३(२) मा उजुरीको जाँझबुझ गरि ३० दिन भित्र प्रमुख प्रशासकिय अधिकृतले अनुमति दिन सक्ने तथा ऐनको दफा ३७ मा पालिका अध्यक्ष सँग उजुरी दिन सक्ने प्रकृति अनुसार यथाशीघ्र निर्देशन व्यवस्था रहेको छ।

| निर्णयकर्ता | गतवर्ष सम्मका विवाद | यसवर्ष दर्ता भएको | जम्मा | यसवर्ष फछ्यौंट भएका विवाद | यसवर्षको फछ्यौंट हुन बाँकी विवाद |
|---|---|---|---|---|---|
| न्यायिकसमिति | ० | ४ | ४ | ३ | १ |

लेखापरीक्षणको क्रममा न्यायिक समितिको मात्र विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारबाही भएको देखियो। त्यसैले न्यायसम्पादन प्रक्रियालाई अभिलेख व्यवस्थित गरी छिटो र प्रभावकारी बनाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाहीको टुङ्गो लगाउने तर्फ ध्यान दिनुपर्दछ।

## ७ **धरौटी तथा कर दायित्वः**

### ७.१ **धरौटी फिर्ता:**

✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०८,९८३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७.२ **कर दायित्व:** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ३०४००.० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,४०० |

## ८ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ३ संघसंस्था र २८ व्यक्तिहरुलाई रु. १४६५०००.० आर्थिक सहायता वितरण गरेको छ। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

## ९ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

● कार्यालयले कतिपय खरिदमा खरिद समिति निर्णय, मुल्याङकन समितिको निर्णय बिना नै खरिद गरेको छ साथै लागत अनुमान, जिन्सि दाखिला, खरिद आदेश, योजनाहरुको नापी किताब, लागत अनुमान लगायतका कागजात प्रमाणित गर्नुपर्ने एवं कतिपय भौचर तथा कागजात, टिप्पणी आदेश लगायतका कागजातहरुमा सम्बन्धित कर्मचारीको नामथर, पद, कार्यालयको छाप स्पष्ट बुझिने र चिनिने गरी उल्लेख गरिएको छैन।

● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।

● स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

● स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्बीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्र राखेको छैन साथै उल्लिखत सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन।

● बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्त्तरोनती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको देखियो।

● वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।

● विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,

● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लागत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन बापत खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• सोझै खरिद भएको कार्यको पालिका र वडाको कुनै पनि खरिद कार्यमा लागत अनुमान तयार नगरी खरिद गरेको

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार गत विगतमा वेरुजु औल्याइएका विषयका समधान र वेरुजु फस्यौटको लागि पहल गरेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी र विश्वसनीय बनाई वित्तीय प्रतिवेदनको शुद्धता कायम गर्दै विषयगत कार्यसम्पादन क्षमताका साथै संस्थागत सुधारका पक्षमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

## १० संगठन तथा कर्मचारी व्यवस्थापनः

१०.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा स्वास्थ्य, कृषि, पशु र वडा सहित ६८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ४० जना स्थायी पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर,

जनस्वास्थ्य अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन्। पालिकाबाट अन्य पालिका ७ जना काज सरुवा भई गएका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१०.२ **कर्मचारी व्यवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रु. १८५५१८७१.० भुक्तानी गरेको पाइयो। आन्तरिक आयलाई आधार मानी करार कर्मचारी नियुक्त गर्नुपर्दछ।

| पद | नियुक्ति संख्या | तलब भत्तारु. | तलब स्रोत |
|---|---|---|---|
| अधिकृत | ३ | १७०३८७१.० | सशर्त र पालिकाको आन्तरिक स्रोत |
| सहायक | ३० | ११७०००००.० | |
| श्रेणीविहिन | २२ | ५१४८०००.० | |
| जम्मा | ५५ | १८५५१८७१.० | |

११ **पेश्की व्यवस्थापनः**

११.१ **म्याद ननाघेको पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न कार्यक्रममा ५ वटा निकाय, व्यक्ति तथा संस्थालाई रु. ८७३८९८०.० पेश्की दिएको छ। म्याद नाघेको तथा ननाघेको पेश्कीको हिसाब आर्थिक वर्षको अन्तसम्म अभिलेख व्यवस्थित गरी फर्स्यौट गर्नुपर्दछ। सुत्र प्रणालीले चालु आ.व. मा म्याद नाघेको पेश्की रुपमा वर्गीकरण गरेको भएता पनि निर्माण कार्यको लागि दिइएको उक्त पेश्कीको जमानत कायम नै रहेको पालिकाले जनाएको छ।

| शीर्षक | चालुआ.ब. | | | गतआ.ब. | | |
|---|---|---|---|---|---|---|
| | म्यादननाघेको | म्यादनाघेको | जम्मा | म्यादननाघेको | म्यादनाघेको | जम्मा |
| कर्मचारी | ३,००,०००.०० | ० | ३,००,०००.०० | ० | २,२०,०००.०० | २,२०,०००.०० |
| ठेकेदार | ८०,००,९८०.०० | ४२,१७,०००.०० | १,२२,१७,९८०.०० | ० | ३०,६३,९८०.०० | ३०,६३,९८०.०० |
| संस्थागत | १६,५०,०००.०० | ० | १६,५०,०००.०० | ० | १६,५०,०००.०० | १६,५०,०००.०० |
| उपभोक्तासमिति | २९,५०,०००.०० | ० | २९,५०,०००.०० | ० | ३७,००,०००.०० | ३७,००,०००.०० |
| व्यक्तिगत | ७५,०००.०० | ० | ७५,०००.०० | ० | १,०५,०००.०० | १,०५,०००.०० |
| जम्मा | १,२९,७५,९८०.०० | ४२,१७,०००.०० | १,७१,९२,९८०.०० | | ८७,३८,९८०.०० | ८७,३८,९८०.०० |

११.२ **गत विगत आ.व को पेश्की फछ्र्यौट नगरेकोः** यस पालिका, कार्यपालिकाको कार्यालयमा गत विगत आ.व मा विभिन्न फर्म तथा कर्मचारीहरुलाई पेश्की दिईएकोमा हालसम्म पनि पेश्की फर्छयौट नभएको देखिन्छ। आर्थिक कार्यबिधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ को नियम ४७ को उपनियम ४ र ५ मा पेश्की फर्छयौट सम्बन्धी व्यवस्थामा १५ भित्र पेश्की फर्छयौट गर्नुपर्ने र सोको जानाकारी पेश्की लिनेलाई ७ दिनभित्र दिनुपर्ने व्यवस्था छ तर यसरी गत विगत आ.व. को पेश्की हालसम्म पनि फर्छयौट नगरेको पेश्की रकम नियमानुसार फर्छयौट गर्नुपर्ने। पेश्की लिने र दिने दुबैलाई जिम्मेवार बनाउनुपर्ने।

११.३

**पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुबैको कर्तव्य हुने उल्लेख छ। पालिकाले उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई रु. ८७३८९८०.० बाँकी रहेको देखिन्छ। सो म्याद नाघेको पेश्की रु. ८७३८९८०.० फछ्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फछ्र्यौट गरी प्रमाण पेश गर्नु पर्दछ।

१२ **अनुदानको अनुगमनः**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले देहायअनुसार उत्पादन प्रवर्द्धन कार्यक्रम प्रविधि विस्तार टिमुर वेर्ना वितरण बाँझो जमिनमा खेती प्रोत्साहन पशुजन्य उत्पादन अनुदान कार्यक्रम घाँसको बेर्ना वितरण चल्ला उत्पादन ह्याचरी मेशिन खरिद मा रु.५९५०००.० एवम् प्रविधि विस्तार अनुदानमा रु.५१४०००.० गरी रु. २३ लाख ७५ हजार ९७० अनुदान खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका समेत छैन।

| क्रस | अनुदानको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | उत्पादन प्रवर्द्धन कार्यक्रम | ३ वटा कृषक समुह<br>१ वटा कृषि फर्म | ३९१ |
| २ | प्रविधि विस्तार | १६ वटा कृषि समुह<br>२ वटा कृषि फर्म | ५१४ |
| ३ | टिमुर वेर्ना वितरण | ६ वटा कृषि समुह | ११.२५ |
| ४ | बाँझो जमिनमा खेती प्रोत्साहन | १ वटा कृषक समुह (५० रोपनी बाँझो जमिनमा खेती) | १०० |
| ५ | पशुजन्य उत्पादन अनुदान कार्यक्रम | ६ वटा पशु फर्म र १ वटा कृषक समुह | ६६५ |
| ६ | घाँसको बेर्ना वितरण | ६० कृषक | ९९.७२ |
| ७ | चल्ला उत्पादन ह्याचरी मेशिन खरिद | १ वटा कृषक समुह | ५९५ |
| | **जम्मा** | | २३७५.९७ |

तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

१३ **सहकारी संस्थाहरुको नियमन तथा व्यवस्थापनः**

१३.१ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ र गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को बुदाँ ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १२ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट ५ वटाले विवरण दाखिला गरेको पाइयो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा ७ वटा मात्र पेश

भएको थियो। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

१३.२ **सहकारी संस्थाको अनुगमनः** गाउँपालिका सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा ७१ र ७२ अनुसार पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ। पालिकामा ८ सहकारी संचालनमा रहेकोमा सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन। त्यसैले सहकारी संस्थाको नियमनकारी निकायको रुपमा रहेको गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको वचत रकम र संस्थाहरुको ऋण लगानीको सुरक्षाको सुनिश्चितता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

१३.३ **विशेष व्यवस्थाः** गाउँपालिका सहकारी ऐनको दफा ७३ मा वचत तथा ऋणीहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था रहेको छ। पालिकामा ५ वटा वचत तथा ऋण सहकारी, ३ वटा बहुउद्देश्यीय सहकारी संस्था रहेकोमा शेयर सदस्य ३०३८ र शेयर पूँजि रु. २४९४६७००.० छ भने अन्यको विवरण आउन सकेको छैन। तसर्थ पालिकाले निरीक्षण र अनुगमण गर्दा नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिनु पर्दछ।

१३.४ **सहकारी बचत तथा कर्जा सुरक्षण कोषः** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्था हरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ। पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरी नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनु पर्दछ।

१३.५ **विघटन र दर्ता खारेज :** गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ६६ (१-६) मा विघटन र दर्ता खारेजीको व्यवस्था रहेको छ। सो व्यवस्थालाई उल्लंघन गर्ने देहायको ५ वटा संस्थाहरु फरार/ सम्पर्क विहिन अवस्थामा लामो समयदेखि रहेको छन्। त्यस मध्ये १ वटा कृषि सहकारी तथा ४ वटा बचत ऋण तथा बहुउद्देश्यी सहकारी संस्थासँग सम्बन्धित रहेको छ। यस बारेमा पालिकाले कारवाहीको पहल गरेको देखिएन। तसर्थ नागरिकको वचतको सुनिश्चितता गरी खारेजी र विघटन गरी दर्ता प्रमाणपत्र रद्ध गर्ने प्रकृयामा जानु पर्दछ।

## १४ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा श्रोत नक्साङ्कन सहितको village profile तयार भएता पनि समय क्रमसँगै अपडेट भएको छैन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ।

## १५ सेवा प्रवाहको स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण लेखापरीक्षणका क्रममा माग भएपनि पेश भएन। आंशिकरुपमा प्राप्त विवरण तलको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवा प्रवाहलाई अभिलेखिकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

| १ | **पञ्जिकरण तर्फ** | **जम्मा** | २ | **पूर्वाधार विकास सडक निर्माण** | **जम्मा** |
|---|---|---|---|---|---|
| क | जन्म दर्ता | २५८ | क | कालोपत्रे सडक निर्माण/ढलान | ५५० मि. |
| ख | मृत्यु दर्ता | ९८ | ख | शौचालय मर्मत | २ वटा |
| ग | बसाईसराई दर्ता | ५९ | ग | खानेपानी धारा निर्माण/मर्मत | ७ वटा |
| घ | विवाह दर्ता | १४४ | घ | विद्यालय (२ भवन) | ५ वटा |
| ङ | सम्बन्ध विच्छेद दर्ता | २३ | ३ | स्वास्थ्य संस्था निर्माण तथा मर्मत | २ वटा |

१६ **बेरुजुको लगतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८८ मा बेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ। बेरुजु लगतका लागि मलेप फाराम ८०१ देखि ८०५ सम्म व्यवस्था गरिएको छ। पालिकाले बेरुजुको अद्यावधिक लगत, कार्यालयगत प्रतिवेदन, सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। साथै पालिकाको सम्परीक्षण गर्नेतर्फ ध्यान दिएको देखिएन। बेरुजु र बेरुजु फछ्र्यौटको लगत अद्यावधिक राख्नुपर्ने तथा महालेखापरीक्षकको प्रतिवेदनमा औल्याइएका बेरुजुको समयमै सम्परीक्षण गराउनुपर्दछ।

१७ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानिय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिकामा आन्तरिक लेखापरीक्षक र शाखाको व्यवस्था गरेको पाईयो। आन्तरिक लेखापरीक्षकले त्रैमासिक प्रतिवेदन दिनुपर्नेमा सो गरेको पाईएन। वार्षिक लेखापरीक्षण प्रतिवेदनमा बेरुजु वर्गीकरण अनुसार परीक्षण गरी प्रमुख प्रशासकीय अधिकृतलाई बुझाएको पाईयो। सीमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सबै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिति छैन। कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरीक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ। यस्तो अवस्थामा पालिकाले आन्तरिक लेखापरीक्षण गराउने कार्य उपयुक्त रहेको छ। अन्तिम लेखापरीक्षण गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली पनि आधार लिएको छ। आन्तरिक लेखापरीक्षणलाई अझ कार्यदक्षता र व्यवस्थित गर्नुपर्दछ।

१८ **सामुदायिक वनको आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्रि वापतको प्राप्त हुने रकमको १० प्रतिशत सम्बन्धित पालिकाको सञ्चित कोक्षमा जम्मा गर्नुपर्ने व्यवस्था भएअनसार पालिकामा रहेको २९ वटा सामुदायिक वन उपभोक्ता समितिबाट वन पैदावारको प्राप्त हुने रकमको दश प्रतिशत रकम वन कार्यालयसँग समन्वय गरी पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। पालिकाले जनाए अनुसार बाह्य खपट नभएको आन्तरिक आम्दानी नभएको हुँदा संकलन गर्न नसकिएको।

१९ **फोहोरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । जिल्लाको गाउँले पालिका भएको हुँदा मानवीय घनत्व पनि कम नै हुन्छ। यस कार्यलाई अघि बढाउन पालिकाले पहिल्यै देखि वर्गीकरण प्रकृया अघि बढाउनु पर्दछ। फोहोरमैलाको उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी पर्याप्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

२० **आन्तरिक आयतर्फः**

२०.१ **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | केन्द्रीय खर्चको तुलनामा आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३५३४०२५७२.१९ | १४५२२९२३.१९ | ४.११ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.११ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनु पर्दछ।

२०.२ **राजश्व लक्ष्य र असुलीः** पालिकाको आर्थिक वर्ष ०८१।८२ को वार्षिक विकास योजना अनुसार आन्तरिक आयलाई वृद्धि गर्न कर तथा सेवा शुल्कको थप दायराहरु विस्तार गर्दै लगिने, नागरिकहरुमा कर तिर्ने संस्कार निर्माणको लागि कर प्रतिको सचेतना र संवेदनशीलता अभिवृद्धि गरिने उल्लेख गरिएको छ। पालिकाको विगत ३ वर्षको राजश्व लक्ष्य र असुलीको अवस्था देहाय अनुसारको रहेको छ।

रकम रु. हजारमा

| आर्थिक वर्ष ०७९।८० | | | आर्थिक वर्ष ०८०।८१ | | | आर्थिक वर्ष ०८१।८२ | | |
|---|---|---|---|---|---|---|---|---|
| लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % | लक्ष्य | सङ्कलन | प्रगति % |
| ५००० | ७४३२ | १४८.६४ | ६००० | ६३०५ | १०५.०८ | ६६०० | १४५२२ | २२०.०३ |

विगत ३ वर्षको राजश्व लक्ष्य र सङ्कलनको अवस्थालाई हेर्दा हरेक वर्ष लक्ष्यभन्दा सङ्कलन धेरै नै रहेको देखियो। यद्यपी लक्ष्यको तुलनामा सङ्कलनको अवस्थामा उतारचढाव देखिन्छ। पालिकाले आफ्नो वास्तविक राजश्व क्षमता पहिचान गरी अझ बढी राजश्व सङ्कलन गर्ने तर्फ आवश्यक ध्यान दिनुपर्दछ।

२०.३ **राजश्व परामर्श समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्बन्धी आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत, दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। यसवर्ष राजश्व परामर्श समितिको १३ बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन। अत: नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पूरा गर्नुपर्दछ।

२०.४ **निरीक्षण नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हृसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानूनी प्रकृया पूरा गरी समयमै दाखिला भएको पहिचान गर्ने गरी प्रकृयामा सुधार गर्नुपर्दछ।

२०.५ **भूमिकर/मालपोत सङ्कलनको लागि नगदी रसिदको प्रयोगः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ पालिकाले भूमिकर लगाउन सक्ने व्यवस्था रहेको छ। पालिकाले वडा कार्यालयहरु मार्फत सङ्कलन गर्ने भूमिकर/मालपोत बापतको रकम नगदी रसिदको प्रयोग गरी सङ्कलन गर्ने गरिएको पाइयो। वडा कार्यालयहरुले रसिदगत रुपमा आम्दानी देखिने गरी खाता अद्यावधिक गरेको समेत पाइएन। तसर्थ पालिकाले उपलब्ध गराएको विवरण अनुसारको सङ्कलन वास्तविक भए नभए सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले भूमिकर/मालपोत करलाई यथाशीघ्र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मार्फत गर्ने व्यवस्था गर्नु पर्दछ।

२०.६ **राजश्व दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुले आफ्नो जिम्मामा आएको सरकारी नगदी उल्लिखित व्यवस्था अनुरुप तोकिएको समयमा नियमित दाखिला गरेको पाइएन। पालिकाले वडा कार्यालयहरुलाई आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट बैंक दाखिला गराउने तर्फ आवश्यक व्यवस्था गराउनु पर्दछ, अन्यथा दफा २८(२) मा व्यवस्था भए बमोजिमका कारबाही तर्फ ध्यान दिनुपर्दछ।

२०.७ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा अनुसार वित्तीय विवरण सम्बन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्बन्धित आय शीर्षक जनाई राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा मलेप फारम नं. १०७ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फारम नं १०८ को राजश्व अम्दानी बैक नगदी किताब तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन। अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

२०.८ **व्यावसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले व्यावसाय कर लगाउन सक्ने व्यवस्था रहेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकामा हालसम्म व्यावसाय दर्ता भएको करदाताहरु ३५९ रहेकोमा यसवर्षसम्म नवीकरण गर्ने करदाताहरु १३० रहेको देखिएको हुँदा १६५ करदाताहरु व्यावसाय नवीकरण गर्न नआएको हुँदा नवीकरण बापत प्राप्त हुनुपर्ने राजश्व पालिकाले प्राप्त गर्न नसकेको देखिन्छ। पालिकाले आवश्यक अनुगमन साथै करदाता शिक्षा वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्दै व्यावसाय नवीकरणलाई कार्यलाई प्रोत्साहित गर्नुपर्दछ।

२०.९ **मूल्य अभिवृद्धि कर छुट भएकोः**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३२६,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२०.१० **दायित्व बापतको रकम आन्तरिक आयमा जम्माः** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची १(क) मा संस्थागत आय कर तथा व्यक्तिगत आय करलाई नेपाल सरकारले लगाउन सक्ने करको रुपमा निर्धारण गरिएङ्को छ भने आयकरलाई व्यवस्थित गर्न आयकर ऐन, २०५८ कार्यान्वयनमा रहेको छ। आयकर ऐन, २०५८ को परिच्छेद १७ मा भुक्तानीमा कट्टी गर्नु पर्ने करका दरहरुको व्यवस्था रहेको छ। पालिकाले यसवर्ष विभिन्न योजना तथा कार्यक्रमहरुको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८(५) बमोजिम सवारी साधनको भाडामा १० प्रतिशतले हुन आएको जम्मा रु.६७३९६७.४४ दायित्व बापत कट्टा गरी सो रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा बहाल कर शीर्षकमा आन्तरिक आम्दानी जनाएको पाइयो। संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रकमलाई ऐनको व्यवस्था विपरित आन्तरिक आम्दानी जनाई राख्नमिल्ने नदेखिएको हुँदा त्यस्तो रकम संघीय सञ्चित कोषमा दाखिला गरी सोको प्रमाण पेश गर्नुपर्दछ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,७३,९६७.४४ |

२१ **शिक्षा तर्फः**

ताराखोला गाउँपालिका, बागलुङले यसवर्षको लागि शिक्षातर्फ संघीय सशर्त तथा गाउँपालिका स्रोतबाट रु.१३ करोड ८८ लाख विनियोजन गरी रु.१२ करोड ३२ लाख ५६ हजार खर्च गरेको छ। पालिकाले शिक्षातर्फ गरेको समग्र खर्च सम्बन्धमा देखिएको केही मुख्य व्यहोराहरु यसप्रकार रहेका छन्।

२१.१ **प्रति विद्यार्थी लागतः** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| **रु. हजारमा** | | | |
|---|---|---|---|
| **बजेट रु** | **खर्च रु** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत रु** |
| १३८८०० | १२३२५६ | २०१६ | ६१.१३८ |

पालिकाको सामुदायिक विद्यालय तर्फको प्रति विद्यार्थी लागत रु.६११३८.० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्वी गरी लागत अनुसारको प्रतिफल प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२१.२ **विद्यालयगत निकासा अभिलेखः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ मा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सूचक भिडान हुने गरी विद्यालयगत निकासा अभिलेख राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले आफ्नो क्षेत्रभित्रमा रहेको २१ विद्यालयहरुको निकासा अभिलेख र प्रगति सूचक अद्यावधिक गरेर राखेको छैन। जसकारण विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ।

२१.३ **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्याथी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैंतालिस र चालिस हुनुपर्नेछ भन्ने व्यवस्था रहेको छ। पालिकाबाट उपलब्ध विवरण अनुसार २१ विद्यालयहरु सञ्चालनमा रहेकोमा शिक्षक दरबन्दी, बाल विकास र शिक्षण सहयोग अनुदान समेत स्थायी, राहात र करार गरी जम्मा १७५ जना कार्यरत रहेको देखियो भने कक्षा १ देखि कक्षा १२ कुल विद्यार्थी संख्या २०१६ रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:११.५२ देखिन्छ। पालिकामा सबैभन्दा बढी २७५ विद्यार्थी रहेको दुर्गा भवानी मा.वि. मा शिक्षक विद्यार्थी अनुपात १:१६.७८ रहेको छ भने सबैभन्दा कम ६ विद्यार्थी रहेको बालकल्याण प्रा.वि. मा शिक्षक विद्यार्थी अनुपात १:३ रहेको छ। पालिकाले सत्यापन समेत नगरी विद्यार्थीको विवरण राखेकाले उपलब्ध विवरण सत्यपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले शिक्षा नियमावलीमा भएको उल्लेखित व्यवस्थासँग तादम्यता कायम हुने गरी आवश्यक कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। यस सम्बन्धी विस्तृत तालिका अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा २१.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२१.४ **दिवा खाजाः** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ अनुसार EMIS र सत्यापनमा भएको प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५.० का दरले वर्षमा १८० दिन बराबरको रकम सम्बन्धित विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा कार्यक्रमको लागि यस वर्ष विभिन्न भौचरबाट २१ विद्यालयका विद्यार्थीहरुका लागि रु.२८१४१६१.० निकासा गरेको देखिन्छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले आवश्यक अनुगमन गरी वास्तविक विद्यार्थी संख्या यकिन गर्नुपर्नेमा नगरेकोले खर्च भएको रकम यथार्थपरक रहे नरहेको यकिन गर्न सकिएन। पालिकाले विद्यालयहरुलाई दिवा खाजा निकासा दिदा वास्तविक विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा दिने तर्फ ध्यान दिनुपर्दछ।

२१.५ **प्राविधिक धारका विद्यार्थीलाई दिइने अनुदानबाट खर्चः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **३७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१.६ **सामाजिक तथा आर्थिक लेखापरीक्षण अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२१.७ **छात्रवृत्ति रकमः** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ। पालिकाले भौचर नं. १७०-२०८१।१२।१४ बाट सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सुचना व्यवस्थापन प्रणाली (EMIS)-२०८१ को तथ्याङ्क आधारमा २१ विद्यालयका ५०१ जना विद्यार्थीलाई प्रति विद्यार्थी रु.४००.० का दरले रु.२००४००.० छात्रवृत्ति अनुदान निकासा गरेको देखिन्छ। कार्यविधिमा व्यवस्था भए बमोजिम छात्रवृत्ति पाउने विद्यार्थीको नामनामेसी सहितको विवरण, छात्रवृत्ति वितरणको भरपाई लगायतलाई कार्यक्रमको प्रगति सूचकको रुपमा निर्धारित गरिएको छ। पालिकाले उल्लिखित बमोजिमको विवरणहरु नराखेको हुँदा अनुदान रकम तोकिए बमोजिमको क्षेत्रमा खर्च भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले तोकिए बमोजिमको प्रगति सूचक अनुसार अनुदान रकम खर्च भए नभएको सम्बन्धमा थप यकिन गर्नुपर्दछ।

२२ **अध्यक्ष नवप्रवर्तन साझेदारी कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष अध्यक्ष नवप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत रु.२५००००0.० विनियोजन गरी विभिन्न १४ कार्यक्रममा रु.१७३०१९९.० खर्च गरेको छ। नवप्रवर्द्धन शीर्षकमा बजेट विनियोजन भएको भएता पनि मोटरबाटो निर्माण, शिक्षा शाखाको लागि फर्निचर खरिद, गाईघाट झरनामा लभसाईन निर्माणजस्ता कार्यक्रमहरु खर्च भएको पाइयो। नवप्रवर्द्धन शीर्षकमा अवण्डा बजेट विनियोजन गरी पालिकाबाट सञ्चालन हुने नियमित प्रकृतिका सामान्य कार्यहरु जस्तै कार्य गर्नुलाई उचित मान्न नसकिने हुँदा यस्तो कार्य गर्दा पालिकाले नवप्रवर्द्धन विकास हुने कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२३ **स्वास्थ्य तर्फः**

कार्यक्रम कार्यान्वियन स्थानीय तहमा स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार हुनेगरी स्वास्थ्य तर्फको किशोर किशोरी स्वास्थ्य, पोषण विशेष, डेँगु नियन्त्रण, मातृ तथा नवजात शिशु कार्यक्रम, स्वयम सेविका प्रोत्साहन, आमा सुरक्षा, मृगौला प्रत्यारोपण, औषधि खरिद, क्षयरोग नियन्त्रण, आधारभुत स्वास्थ्य सेवाका लागि औषधि खरिद, लगायतका २७ वटा कार्यक्रम सञ्चालन गरेको छ। पालिकाले ५ वटा कार्यक्रम बनाई सञ्चालन गरेको छ। कार्यक्रम कार्यान्वियन पुस्तिकाको नम्स अनुसार कार्यक्रम सञ्चालन गरेको विवरण पेश गरेपनि कार्यक्रमसँग असम्बन्धित पदाधिकारीहरुलाई समेत अनुगमन भत्ता र अन्य उपस्थित भत्ता प्रदान गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन।

२३.१

**औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वयन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद तर्फ पालिकाको स्रोतवाट र संघीय सशर्त तर्फ रु.११६१००० बजेट विनियोजन भएको छ।

| **क्र. सं.** | **स्रोत** | **विधि** | **मिति** | **आइटम** | **बजेट** | **खर्च** | **आपूर्ति कर्ता** |
|---|---|---|---|---|---|---|---|
| १ | संघीय सशर्त | विद्युतिय प्रतिस्पर्धा (eBid) | २०८२।१।१६ | ८६ | ११६१००० | ४८७०९१ | Chun Chun Pharmacy |
| २ | संघीय सशर्त | सोझै खरिद | २०८२।३।१६ | | | ६९००४९ | क्रिकुस मेडिसिन सप्लयर्स |
| ३ | संघीय सशर्त | सोझै खरिद | २०८२।३।२० | ८५ | | २७४०० | क्रिकुस मेडिसिन सप्लयर्स |
| ४ | संघीय सशर्त | सोझै खरिद | २०८२।३।२० | १ | | ७२५० | Chun Chun Pharmacy |
| | | | **जम्मा** | | **११६१०००** | **१२११७९०** | |

पालिकाले खरिद गर्दा १ पटक E-Bid र ३ पटक कोटेशन औषधि तथा समाग्रीहरुको कोटेशन प्रकृयाले रु१२११७९० खरिद गरेको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्व स्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मिक तवरले खरिद गर्नुपर्दछ। पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु नियमसम्मत देखिएन। खरिद ऐनको प्रावधान बमोजिम प्रतिष्पर्धात्मिक तवरले खरिद गर्नुपर्दछ। पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपुर्ति समेत गरेको देखिएन। आपुर्ति हुने औषधि तथा औषधिजन्य सामाग्रीमा प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनु पर्दछ।

२३.२ **व्याच नं, उत्पादन मिति, म्याद समाप्त मिति र निशुल्क वितरणको छाप बिना औषधी खरिदः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। नमुना छनौटका आधारमा गरिएको परीक्षणमा कुनैपनि खरिदमा ब्याच नं, उत्पादन मिति र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, टुक्रा टुक्रा पारी खरिद गरिएको देखिन्छ। तोकिएको प्रकृया पुर्याई टुक्रा टुक्रा नपारी व्याच नं, उत्पादन मिति, अवधि उल्लेख भएको, निशुल्क वितरण समेत खुलाई औषधि खरिद गर्नुपर्ने देखिन्छ साथै ३० लाख भन्दा बढी विनियोजन भएको औषधि पुर्ण रुपमा बोलपत्र मार्फत गर्नुपर्नेमा आंशिक मात्र बोलपत्र गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ। पालिकाले आगामी दिनमा औषधि खरिद पुर्ण रुपमा खुला बोलपत्र मार्फत गर्ने व्यवस्था गर्नुपर्दछ।

२३.३ **औषधि तथा औषधिजन्य उपकरणको मौज्दात व्यवस्थापनः** औषधिजन्य मालसामान खरिद तथा आपुर्ति व्यवस्थापन सहजीकरण पुस्तिका, २०७४ को परिच्छेद २ मा आपुर्ति व्यवस्थापन सम्वन्धी व्यवस्था गुणस्तर, वितरण, भण्डारण, अभिलेख तथा प्रतिवेदन र विद्युतीय आपुर्ति व्यवस्थापन सुचना प्रणाली प्रयोग, स्वास्थ्य सामाग्रीको विवेशपुर्ण उपयोग लगायत विषय समावेश रहेको छ। पालिकाको स्वास्थ्य शाखामा रहेको जिन्सी अभिलेख अनुसार १० आइटमको मौज्दात र वितरण अवस्था निम्नानुसार रहेको छ।

| क्र.सं. | औषधिको नाम | २०८०।०८१ | | | | २०८१।०८२ | | | | Expire Date |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अ.ल्या | प्राप्ति | उपयोग | बाँकी | अ.ल्या | प्राप्ति | उपयोग | बाँकी | |
| १ | Chlorpheniramine Maleate 4 mg Tablet | २०२० | ६००० | ६५२० | १५०० | १५०० | २५००० | २३८०० | २७०० | 2026.7.31 |
| २ | Paracetamol 500 mg Tablet # | ११९५० | ७०००० | ६६६७० | १४४८० | १४४८० | ५७५०० | ६८२८० | ३७०० | 2026.1.31 |
| ३ | Ranitidine 150 mg Tablet # | २७०० | ५४४०० | ४७८३५ | ९२६५ | ९२६५ | ४७००० | ५४२६५ | २००० | 2027.3.31 |
| ४ | Diclofenac Sodium 50 mg Tablet # | ६०० | ५००० | ५१०० | ५०० | ५०० | १५५०० | १५२०० | ८०० | 2027.1.31 |
| ५ | Metronidazole 400 mg Tablet # | ५८०० | १०००० | १२६०० | ३२०० | ३२०० | १९००० | २१३०० | ९०० | 2027.2.28 |
| ६ | Amoxycillin 250 mg Dispersible Tablet # | १३१०० | ८००० | ७७०० | १३४०० | १३४०० | २००० | १२५०० | २९०० | 2026.11.30 |

Chlorpheniramine Maleate 4 mg Tablet औषधि आर्थिक वर्ष २०८०।८१ मा ६५२० मातहतका स्वास्थ्य संस्थामा हस्तान्तरण भएकोमा आर्थिक वर्ष २०८१।८२ मा २३८०० हस्तान्तरण भई चार गुणा बढि वितरण भएको छ भने Metronidazole 400 mg Tablet # को १२६०० खर्च भएकोमा यो वर्ष २१३०० दोब्बर खर्च भएको छ। विद्युतीय आपूर्ति व्यवस्थापन सूचना प्रणालीको प्रयोग पूर्ण रुपमा लागु नभएकोले पालिका स्वास्थ्य शाखाको मौज्दात प्रतिवेदन प्रणालीमा हस्तान्तरण भएको परिमाणसँग मातहतका स्वास्थ्य संस्थामा शाखागत तथा संस्थागत खर्च तथा मौज्दात भिडान हुने अवस्था रहेको छैन। सहजीकरण पुस्तिकामा उल्लिखित भए अनुसार गुणस्तरीय औषधि तथा औषधिजन्य मालसामान खरिद, आपूर्ति र जिन्सी व्यवस्थापन गर्नु पर्दछ। साथै औषधिमा उत्पादन मिति, म्याद समाप्त मिति, ब्याच नं, उत्पादन कम्पनी, नेपालीमा निशुल्क वितरणका लागि मात्र भनेर उल्लेख गरी अनिवार्य रुपमा स्टोर दाखिला हुनुपर्ने देखिन्छ। पालिकाले अवस्था यकिन गरेरमात्र खरिद कार्य गर्नुपर्दछ। प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधिमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ। यसरी खरिद गरिएका माथि उल्लिखित औषधिको अवधि २०२६ देखिएको छ। अतः तोकिए अनुसार औषधि खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२३.४ **पालिकामा देखिएका प्रमुख स्वास्थ्य समस्याहरुः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ)(१) मा आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्नु स्थानीय तहको काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेको छ। पालिकाले तयार पारेको तथ्याङ्क अनुसार यसवर्ष देखा परेका प्रमुख १० स्वास्थ्य सम्बन्धी समस्याहरु देहाय अनुसार रहेका छन्। पालिकाले औषधि तथा स्वास्थ्य उपकरणहरु खरिद गर्दा सोही समस्याहरुलाई समाधान गर्ने गरी प्राथमिकताको आधारमा खरिद गर्नुपर्दछ।

| क्र.स. | स्वास्थ्य समस्था | सेवाग्राही र प्रतिशत | ०८०।८१ को अवस्था |
|---|---|---|---|
| १ | Common Symptoms-Fever (ज्वरो) | ८८३ (७.८९) | ५ |
| २ | Injuries (चोट) | ८११ (७.२४) | ३ |
| ३ | Headache (टाउको दुख्ने) | ८०७ (७.२१) | १ |
| ४ | Common Symptoms-Cough (खोकी) | ७६१ (६.८) | ८ |
| ५ | APD (पेट पोल्ने) | ६९९ (६.२४) | ४ |
| ६ | Respiratory Tract Infection (URTI) Cases (रुघा) | ६१४ (५.४८) | २ |
| ७ | Infection-Rhinitis Cases (पातलो सिगान बग्ने) | ६१० (५.४५) | ६ |
| ८ | Infection-Pharyngitis/Sore Throat Cases (घाँटी दुख्ने) | ५३५ (४.७८) | ७ |
| ९ | Orthopaedic Problems-Backache(Muskuloskeletal Pain) (ढाड दुखेको) | ३६२ (३.२३) | १० |
| १० | Itching (चिलाउने) | ३४८ (३.११) | ९ |

२३.५ **स्थायीमा करार र ज्यालादारीः** पालिकाले स्थायी प्रकृतिको दरबन्दीमा ज्यालादारी कर्मचारी राखी काम कारबाही गर्न नपाउने व्यवस्था छ। तर पालिकाले यस वर्ष स्वास्थ्य तर्फको दरबन्दीमा ४० जना भएता पनि पदपुर्ति १४ जना मात्र भएको छ। कार्यालय सहयोगी ५ जना तथा २० स्वास्थ्यकर्मी करारमा भर्ना गरी खर्च लेखेको छ। स्थायी दरबन्दी र प्रकृतिको काममा करार कर्मचारी भर्ना गरी गरिएको देखिन्छ। पालिकाले स्थायी कर्मचारी पदपुर्ति गर्ने तर्फ ध्यान दिनुपर्दछ।

| पदनाम | तह | दरबन्दी | स्थायी | करार | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| ज.स्वा.नी. | छैठौ | २ | २ | ० | | |
| सि.अ.हे.व. | छैठौ | ३ | २ | | | चौथो पूर्ति |
| सि.अ.न.मी. | छैठौ | १ | १ | | | |
| हे.अ. | पाँचौ | ४+२ | ३ | | | BHU+CHU चौथो पूर्ति |
| सि.अ.न.मी. | पाँचौ | ४+२ | ४ | | | BHU+CHU चौथो पूर्ति |
| विद्यालय नर्स | पाँचौ | १ | ० | १ | | करार |
| अ.हे.व. | चौठो | ४ | ० | ७ | | छैठौ र पाँचौको सट्टामा चौथोबाट पूर्ति गरेको |
| अ.न.मी. | चौठो | ४+२ | ० | ८ | | २ जना कार्यक्रम करार |
| ल्या.अ. | चौठो | ४ | ० | ३ | १ | प्राविधिक करार |
| का.स. | | ७ | २ | ५ | | |
| कविराज | पाँचौ | १ | ० | १ | | करार दरबन्दी |
| | **जम्मा** | **४०** | **१४** | **२५** | **१** | |

२४ **कृषि तथा पशुपन्छी विकास कार्यक्रमः**

ताराखोला गाउँपालिकाले यसवर्ष कृषि तथा पशुपन्छी विकास कार्यक्रमतर्फ रु.९९ लाख ७५ हजार विनियोजन गरी रु.५७ लाख ७६ हजार खर्च गरेको छ। सो सम्बन्धमा देखिएका बेहोराहरु निमनानुसार रहेका छन्।

२४.१ **किसान सूचीकरण कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष किसान सूचीकरणको लागि विनियोजित रकमबाट पालिकाभित्रका किसान सूचीकरण सम्बन्धी कुनै पनि कार्य नगरी विनियोजित रकमबाट भौचर नं. ३०१-२०८२।३।१६ बाट कृषि शाखाको लागि आवश्यक पर्ने ल्याप्टप खरिद गरी रु.११७०००.० खर्च लेखेको छ भने भौचर नं.३२४-२०८२।३।२४ बाट कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रमको सञ्चालन बापतको रु.१३०००.० खर्च लेखेको पाइयो। तोकिए बमोजिमको कार्यक्रममा खर्च नगरी अन्य क्षेत्रमा भएको खर्च प्रक्रियालाई नियमसम्मत् मान्न सकिएन।

| | |
|---|---|
| अनियमित भएको | १,३०,००० |

२४.२ **प्याकेजमा खरिद गर्नुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी दश लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भन्ने व्यवस्था रहेको छ। पालिकाले यसवर्ष भौचर नं. ८-२०८१।६।२० र १५५-२०८२।३।१० बाट पशुसेवा एग्रोभेटसँग क्रमशः रु.५५५१६०.० र रु.५०००००.० गरी जम्मा रु.१०५५१६०.० को भेटेरिनरी सम्बन्धी औषधि खरिद गरेको पाइयो। नियमावले निर्धारण गरेको सीमाभन्दा बढीको सोझै खरिदलाई नियमसम्मत् मान्न सकिएन। नियमावलीमा भएको व्यवस्थाको अक्षरशः कार्यान्वयनमा पालिकाले ध्यान दिनु पर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १०,५५,१६० |

२५ **गरिबी निवारणका लागि उद्यम कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा गरिबी निवारण निर्देशिका,२०७७ पालना गर्नुपर्ने व्यवस्था छ।पालिकाले गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि यस वर्ष रु. १८०००००/- विनियोज भएकोमा रु. १६४९०००खर्च भएको देखिन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्।

२५.१ **कार्यक्रम बाँडफाँटः** गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसूची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्देशिका अनुसार नै बजेट बाँडफाँट गरेको भएतापनि कार्यक्रम कार्यन्वयन गर्दा अनुसूची ३ ले तोकेको ढाँचामा कार्यक्रम सञ्चालन गरेको छैन। निर्देशिकाले लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकास तालिम, प्राविधिक सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण लगायतका विविध विषयहरु क्रमश: सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले बजेट व्यवस्थापन गरेतापनि प्राविधिक सीप विकास तालिम र प्रविधि हस्तान्तरण गरी दुई शीर्षकको कार्यक्रमा खर्च गरेको देखिन्छ।

२५.२ **तालिममा उत्पादित सामाग्रीको बिक्रि वितरणः** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्याक्रम सञ्चालन निर्देशिका, २०७७ को बुढा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्रि गर्न तथा यसरी बिक्रि हुन नसकेमा सम्भव भएसम्म बिक्रि वितरण तथा वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्रि केन्द्र वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्रि नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्रि पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाबाट सञ्चालित प्राविधिक सीप विकास तालिम अन्तर्गत अल्लो धागो प्रसोधन, अल्लो कपडा डिजाइन बुनाइ साथै सिलाइ सिप विकास तालिम, सिलाइ कटाइ सिप विकास तालिम, फलफुल किवि प्रसोधन साथै वाइन उत्पादन सिप विकास तालिम, निगालो जन्य सामाग्री उत्पादन सीप विकास तालिम र होजियारी सम्बन्धी प्राविधिक सीप विकासतालिम तालिमबाट उत्पादित

सामान वा वस्तुहरुको अभिलेख नराखेको हुँदा सो सम्बन्धमा कुनै जानकारी प्राप्त हुन आएन। आगामी दिनहरुमा पालिकाबाट सञ्चालिन हुने यस्ता तालिम कार्यक्रमहरुबाट उत्पादन हुने सामान तथा वस्तुहरुको अभिलेख राख्ने व्यवस्था मिलाइनु पर्दछ।

२५.३ **प्रविधि हस्तान्तरणः** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(३) मा दफा ४० बमोजिम प्रविधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा कुल रकममा कार्यालयले आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्तरोन्नति होजियारी सम्बन्धि प्राविधिक सीप विकासको लागि सेमी कम्प्यूटराइज निटिङ मेशिन ताराखोला होजियारी लघु उद्यम समूहलाई रु. ४५०००० मा खरिद गरी हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. ९०००० र फलफुल किवि प्रसोधन साथै वाइन उत्पादन सिप विकासका लागि स्टिल ड्रम ५ वटा, पल्पर मेशिन १ वटा र चुलो १ वटा सिँगुजी कृषि उपज प्रशोधन लघु उद्यमी समूहलाई रु. ३५१००० मा खरिद गरी हस्तान्तरण गर्दा २० प्रतिशतले हुन आउने रु. ७०२०० योगदान गराएको पाइयो।उपलब्ध प्रविधिलाई उच्चतम सदुपयोग गर्दै निरन्तर प्रतिफलमुखी सञ्चालनको सुनिश्चितता तर्फ पालिकाले विशेष ध्यान दिनु पर्दछ।

२५.४ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्वित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ। यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी कार्यक्रमका विभिन्न चरणमा सहभागी भएका लाभग्राहीहरुको अभिलेख यस सिस्टममा अद्यावधिक गरेको छैन। अभिलेख अद्यावधिक नभएका कारण विभिन्न चरणका तालिममा छुट्टाछुट्टै सहभागी हुन सक्ने पहिलो चरणको तालिम नलिएको व्यक्ति पछिल्लो चरणको तालिममा सहभागी हुन सक्ने सम्भावना रहन्छ। साथै हस्तान्तरित प्रविधि सदुपयोग भएको नहुन सक्ने समेत सम्भावना रहन्छ। तसर्थ gesimis.moics.gov.np को पुर्ण रुपमा प्रयोग गर्नुपर्दछ।

२६ **प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फः**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा विनियोजन रु. ५०११२०० भएकोमा रु. ४९७६०५२ खर्च गरेको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।

२६.१ **कार्यक्रमबाट रोजगारी:** पालिकामा १२४१ जना सुचिकृत रहेकोमा पुरुष र महिला गरी जम्मा ७२ जनालाई औषत ९९.३० दिनले जम्मा ७१५० दिन रोजगारी दिएको देखिन्छ।यस कार्यक्रम मार्फत पालिकाको क्षेत्रभित्रमा सञ्चालन भएका १२ वटा पदमार्ग निर्माण, गोरेटो बाटो निर्माण, मोटर बाटो लगायतका कार्यहरु गरिएका छन्।सञ्चालन गरिएका कार्यक्रम मार्फत धेरै बेरोजगार व्यक्तिहरुले अल्पकालीन रोजगारी प्राप्त भएता पनि दीर्घकालीन गरोजगारी दिने गरी कार्यक्रम सञ्चालन गरिएको पाइएन। यस कार्यक्रम मार्फत स्थानीयस्तरमा दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गरिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२६.२ **उपलब्धीको समीक्षा:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।

२६.३ **सार्वजनिक सुनुवाई:** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।निर्देशिकामा भएको व्यवस्था बमोजिम सार्वजनिक सुनुवाईको प्रबन्ध मिलाउनुपर्छ।

२७ **सोझै खरिद :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सीमित हुनेगरी खरिद गर्न नहुने र नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाख देखि २० लाख रुपैयाँ सम्मको सामान सिलबन्दी दरभाउपत्र र सो भन्दा बढीको सामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगाडी सामानको आवश्यकता, खरिद प्याकेज, खरिद विधि लगायतको विषयको पुर्व तयारी गर्नुपर्ने व्यवस्था छ। पालिकाले मसलन्द तथा कार्यालय सामाग्री शीर्षकमा खरिद सम्बन्धी कुनै तयारी तथा खरिद योजना नबनाई पटक पटक खरिद गरेको देखिएको छ। पालिकाको मसलन्द तथा कार्यालय सामाग्रीमा कुल विनियोजन रु.३२,५०,०००।- र खर्च रु.२४,३७,०००।- रहेको छ। आवश्यकता पहिचान गरी ऐनको व्यवस्था बमोजिम प्रतिष्पर्धाको माध्यमबाट खरिद गरी सरकारी खर्चमा मितव्ययिता र पारदर्शिता कायम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२८ **जिन्सी निरीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्नानुसार देखिएको छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाईएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८६ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा बर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा समिति गठन गरी निरीक्षण गराई जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने उल्लेख छ साथै महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । तर पालिकाले जिन्सी निरीक्षण गरेको छैन । जिन्सी सामानको आ.व. २०८०।८१ को मौज्दात आ.व. २०८१।८२ मा सिस्टममा जिम्मेवारी सरेको नदेखिदा जिन्सी निरीक्षण गरी जिम्मेवारी भिडान गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाको स्वामित्वमा रहेको जिन्सी सामानहरुको विवरण PAMS, प्रणालीबाट PAMS V2 प्रणालीमा दाखिला गरी प्राप्त प्रतिवेदनको अभिलेख तथा कार्यान्वयनलाई व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

२९ **श्रमिक सामाजिक सुरक्षा कोष :**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४९४,८३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **सहकारी तथा श्रम बैङ्क सञ्चालनः**

ताराखोला गाँउपालिकाको आफ्नो आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा विगतको वर्षहरुको वार्षिक नीति कार्यक्रममा पालिकाबासीलाई उत्पादन र रोजगारीमा आवद्ध गर्नको लागि सहकारी मार्फत कृषि तथा पशुपालनको क्षेत्रमा उत्पादन आयआर्जनमा सहभागी बनाएको छ भने श्रम रोजगार बैङ्क सञ्चालन कार्यविधि, २०७९ मार्फत दक्ष जनशक्तिलाई श्रम सदस्यमा सूचीकृत गरी पालिकाको आफ्नो योजना कार्यक्रम र निजी क्षेत्रको काममा सहभागी गराई रोजगारी उपलब्ध गराएको पाइयो। श्रम बैङ्कका सदस्यलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरी नेपाल सरकारको गौरवको कार्यक्रममा स्थानीय सरकारले सहकार्य गरेको पाइयो।

३१ **चालु खर्च परीक्षणः**

३१.१ **विविध खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकबाट रु.१२४६२२६ खर्च लेखेको छ ।विविध खर्च तथा अतिथि सत्कार गर्दा पालिकाको आन्तरिक स्रोतको अवस्था हेरी मितव्ययिता कायम गरी खर्च लेख्नुपर्दछ ।

३१.२ **ईन्धन खर्च:** नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष रु.१४८६२३८ इन्धन शीर्षकमा खर्च लेखेको छ । इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकामा मोटर साइकल १५ थान, स्कुटर १ थान, स्कार्पियो १ थान, एम्बुलेन्स १ थान र ब्याकहोल्डर १ थान रहेकोमा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी स्पष्ट अभिलेख राखेको छैन । जसले गर्दा इन्धन खर्चमा पालिकाले मितव्ययिता अपनाएको छ भन्ने सम्बन्धमा स्पष्ट हुन सकिएन ।इन्धन खर्चलाई मितव्ययी बनाउन स्पष्ट मापदण्ड बनाई खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । त्यसैगरी इन्धन खपतको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राणाली (PAMS) मा प्रविष्ट गरी इन्धन खर्चलाई पारदर्शी बनाउनु पर्दछ ।

३१.३ **भ्रमण खर्च :** भ्रमण खर्च नियमावली, २०६४ को नियम १६(१) मा भ्रमणमा खटिने पदाधिकारीले दैनिक भत्ता तथा भ्रमण खर्चको बिलसँग भ्रमण प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम २१ मा भ्रमणमा खटिने कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कर्मचारीको लागि रु.१८४७०७५ भ्रमण खर्च लेखेकोमा नियमावलीमा भएको व्यवस्थाको पालना गरी भ्रमण अभिलेख राखेर मात्र भ्रमण खर्च लेख्ने तर्फ पालिकाले ध्यान पुर्याउनु पर्दछ ।

३१.४ **वडा संचालन खर्च :** पालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन सम्बन्धी सामाग्री खरिद गरेको आधारमा यो वर्ष रु.१७५०००० खर्च लेखेको छ ।तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन ।यस्तो अवस्थामा पालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ । सरकारी सम्पत्तिको अभिलेख राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) तयार गरी २०७८/७९ देखि अनिवार्य रुपमा प्रयोग गर्ने गरी लागु गरेकोले आर्थिक वर्ष २०७८/७९ देखि जिन्सी अभिलेख म्यानुअल (रजिष्टर) मा राख्न मिल्दैन । पालिकाले यो वर्ष वडा सञ्चालन खर्चको लागि वडा कार्यालयहरुबाट खरिद गरिएका खर्च भएर जाने सामाग्री तथा विविध खर्च गरी जम्मा रु.१७५०००० म्यानुअल नै दाखिला गरेको देखियो । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको पूर्ण रुपमा कार्यान्वियन हुनुपर्दछ ।

३१.५ **सवारी भाडा :** पालिकाले उपलब्ध गराएको जिन्सि प्रतिवेदन अनुसार पालिकामा १ वटा साना सवारी साधन चालु अवस्था रहेको छ । पालिकाले यस वर्ष योजना अनुगमन र विभिन्न सरकारी कार्यको लागि सवारी भाडामा रु.१४००००० खर्च गरेको देखियो । नमुना छनौटको आधारमा केही श्रेस्ता परीक्षणगर्दा योजनाको अनुगमन, विषयगत शाखाको कार्यक्रम तथा शिविर संचालन र सरकारी कामको सिलशिलामा जिल्ला सदरमुकाम र प्रदेश राजधानी पोखरा पालिकाका पदाधिकारी तथा कर्मचारीको लागि सवारी भाडामा लिएको जनाई खर्च लेखेको देखियो । पालिकामा १ साना सवारी तथा १५ वटा मोटरसाइकल र १ स्कुटर रहेको र सोही बमोजिम इन्धन, मर्मत लगायतमा खर्च भएको देखिएकोले भाडामा सवारी लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३१.६ **पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार पालिकाले यस आर्थिक बर्षमा पदाधिकारी सुविधा शीर्षकमा रु.६२७०००० भुक्तानी गरेको छ । जुन आन्तरिक आय रु.१४६५२०६९ को ४२.७९ प्रतिशत देखिन्छ । अतः पालिकाले आन्तरिक आय बृद्धि गरी आन्तरिक आयको पर्याप्तता पश्चात मात्र पदाधिकारी सुविधामा थप खर्च गर्नुपर्दछ र कानून बमोजिमको रकम दोहोरो नपर्ने गरि भुक्तानी हुने व्यबस्था मिलाउनुपर्दछ ।

३१.७ **कर्मचारी दैनिक भ्रमण भत्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१२,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३१.८ **बैठक भत्ता :** गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा ३ मा बैठक सार्वजनिक बिदाको दिन वा कार्यालय खुलेको दिनको बिहान वा साँझ बैठकमा सहभागीलाई भत्ता दिने व्यवस्था छ। पालिकाले भौचर नं. ४०५ र ४७३ बाट कार्यालय समयमा बसेको बैठकको भत्ता कर्मचारीहरुलाई रु.३००००.० भुक्तानी गरेको कार्यलाई नियमित मान्न सकिएन। यस्तो कार्यमा पालिकाले नियन्त्रण गर्नुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ३०,००० |

३१.९ **तालिम संचालन :** तालिम संचालन गर्दा पालिकाले अर्थ मन्त्रालय वा गण्डकी प्रदेश खर्चको मापदण्ड,२०७९ मा उल्लिखित नर्म्सलाई आधार मानेर प्रस्तावना तयार गरी तालिम संचालन गर्नुपर्नेमा तालिम सञ्चालन गर्दा खर्चको प्रस्तावना तयार गरेको पाईएन।पालिकाले तालिम कार्यक्रमहरु सञ्चालन गर्दा फरक फरक यातायात खर्च, खाजा खर्चको फरक दर विवरण, स्रोत व्यक्तिको पारिश्रमिक, प्रतिवेदन लेखन वापतको पारिश्रमिक समेत फरक फरक उल्लेख गरेको पाईएको छ । तसर्थ अर्थ मन्त्रालय वा गण्डकी प्रदेश खर्चको मापदण्डमा उल्लेख भएको दररेट लाई आधार लिई पालिकाले कार्यक्रमको प्रस्तावनाको आधारमा स्रोत ब्यक्तिको पारिश्रमिक,यातायात खर्च र प्रतिवेदन लेखन रकम दिने ब्यवस्थाको पालना गर्नुपर्दछ ।

३१.१० **स्थानिय कला संरक्षण:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१.११ **शीर्षक फरक पारी खर्च :** नेपाल सरकार एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ तथा अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ मा उल्लेख गरेको आधार लिइ तोकिएको खर्च संकेत भित्रको बजेट तोकिएको प्रयोजनमा खर्च गर्नु पर्दछ । यसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा सम्बन्धित बजेट शिर्षकमा बजेट विनियोजन भएमा मात्र खर्च गर्ने व्यवस्था छ।पालिकाले निम्न खर्च स्वीकृत खर्च शीर्षक भन्दा फरक पारी खर्च लेखेको देखिन्छ ।पालिकाले यसमा सुधार गर्नुपर्ने देखिन्छ । केही उदाहरण देहाय अनुसार छन।

| गो.भौ. नं. | मिति | विनियोजित खर्च शीर्षक | खर्च लेखिएको शीर्षक | रकम रु |
|---|---|---|---|---|
| २२३ | ०८१।१२।१७ | बिमा तथा नविकरण खर्च | मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च | ७८९८५ |
| १५८ | ०८१।१०।२३ | ईन्धन कार्यालय | ईन्धन पदाधिकारी | ५९५५८ |
| १८५ | ०८१।११।१२ | ईन्धन कार्यालय | ईन्धन पदाधिकारी | १०८०० |
| १८९ | ०८१।११।१२ | ईन्धन कार्यालय | ईन्धन पदाधिकारी | १२९९९ |
| ४१४ | ०८२।३।१२ | ईन्धन कार्यालय | ईन्धन पदाधिकारी | १४४५० |
| ५०७ | ०८२।३।२३ | विमा तथा नविकरण खर्च | सवारी साधन पदाधिकारी | २०००० |
| ५०८ | ०८२।३।२३ | ईन्धन कर्मचारी | ईन्धन पदाधिकारी | २२६६१ |

३१.१२ **पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च :** गोरखापत्र संस्थान धर्मपथ काठ्माडौंले सरकारी विज्ञापन प्रकाशन गर्दा २५% छुट दिने नीतिगत व्यवस्था गरेको कार्यालयको मिति २०७०/०४/२३ को पत्रमा उल्लेख छ। गोरखापत्र वाहेक अन्य प्रकाशन संस्थाले समेत सरकारी सुचना विज्ञापनमा २५% देखि ३५% सम्म छुट दिने नीतिगत निर्णय गरेको देखिन्छ। पालिकाले यस वर्ष पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशन खर्च शिर्षकमा रु.१५ लाख बजेट विनियोजन गरी रु.१४ लाख २८ हजार खर्च गरेकोमा विभिन्न सुचना एजेन्सीहरुलाई सुचना प्रकाशन वापत भुक्तानी दिदा नियमानुसार लिनुपर्ने छुट लिने र कामको आदेश दिदा अनिवार्य रुपमा कार्यदिश दिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

३१.१३ **अन्य निकायका पदाधिकारीलाई भ्रमण भत्ता :** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७९ को नियम ३६ मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने ब्यबस्था उल्लेख छ । नमुनाको क्रममा परीक्षण गर्दा पालिकाले भौ.नं २७१ मिति ०८२।१।१५ बाट कर्मचारीलाई भ्रमण भत्ता रु. २१९०० भुक्तानी गरेको पाईएको छ । यसरी पालिका भन्दा फरक निकायका पदाधिकारीहरुलाई भ्रमण भत्ता भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

## ३२ ठेक्का तथा खरिद व्यवस्थापनः

३२.१ **पुँजीगत खरिदको अवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष ९४ प्रकारको काममा ४ शिर्षकबाट रु. ४००५५९१५ खर्च गरेकोमा रु. १७५३४२२६ उपभोक्ता समितिबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै खरिदबाट रु. ३३५७००९ को रहेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.सं. | उपशीर्षकको नाम | संख्या | खरिद विधि | खर्च रकम |
|---|---|---|---|---|
| १ | | ४ | खुला बोलपत्र | १७३०७५३३.०७ |
| २ | | १ | सिलबन्दी दरभाउपत्र | १८५७१४६.६ |
| ३ | | ६ | सोझै | ३३५७००९.२३ |
| ४ | | ८३ | उपभोत्ता समिति वा लाभग्राही समुदाय | १७५३४२२६.२ |
| | **जम्मा** | **९४** | | **४००५५९१५१** |

३२.२

**ठेक्का व्यवस्थाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले बोलपत्र मार्फत प्रतिष्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा १.६ देखि ३०.६० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्शका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्शमा नै अधिक मुल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ। साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमा नै गुणस्तरीय कार्य हुने भएमा नर्म्शमा समेत सम्बन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ। लागत अनुमनको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ।

| योजनाको नाम | स्वीकृत ल ई भ्याट र कन्टेन्जेन्सि सहित | ठेक्का नं. | सम्झौता रकम | फर्मको नाम | घटी प्रतिशत | खर्च |
|---|---|---|---|---|---|---|
| वडा न १ प्रशासकिय भवन निर्माण | | TRM/NCB/EBID/०९/०७८-७९ | | Level Up Construction And Suppliers. | | २३०५२९२ |
| छेजी करिमेला सिप हुदै म्याग्दि सडक | १२०७५६९९.९ | TRM/EBID/NCB/०३/२०८१/०८२ | ८१३१५१२.७६० | p.k. Stone construction And Suppliers Pvt.Ltd | ३०.४१% | ८१२२१७३.८ |
| दलामचौर मोटरेबल पुल | ४४२२५७६६.९७ | TRM/NCB/०४/२०८०-०८१ | ४२१७५३७०.४९० | acharya-Kc-Acharya JV | ३.८०% | पेश्कि मात्र |
| घुस्मेलीघाट कल्भर्ट निर्माण | ४२३१२२० | TRM/EBID/NCB/०१/२०८१/०८२ | ३७५१६८४.८०० | Red Star Construction Pvt.Ltd. | १०.३५% | ३७४७१८५. |
| करिमेला नमुना गाउँ सडक ढलान | १९९९१८६.९८ | TRM/SQ/EBID/२/२०८१/०८२RE | १३९११४६.६७० | p.k. Stone construction And Suppliers Pvt.Ltd | ३०.४२% | सम्झौता भएक |
| लानुवाघाट कल्भर्ट निर्माण | १७०५८११.४९ | TRM/SQ/EBID/४/२०८१/०८२RE | १२१७२८१.७५० | J.C.G Nirman Sewa | २६.३८% | सम्झौता भएक |
| माझखर्क दरौदि औलखोला सर्पाण्डी भातखाने डाडा सडक निर्माण | ४९९२००४.५१ | TRM/EBID/NCB/४/२०८१/०८२ | ४१६६८९९.८१० | New Gorakh Nirman Sewa | १३.२९% | पेश्कि मात्र |
| मर्स्याङ्दि खोला कल्भर्ट निर्माण | २०२८२१८.६ | TRM/EBID/NCB/०२/२०८१/०८२ | १६४९४३८.३६० | J.C.G Nirman Sewa | १६.३४% | १६४९३५९. |
| ताराखोला मिनिग्रेटवाल तथा पदमार्ग निर्माण | ३९९९९९८.९३ | TRM/EBID/NCB/५/२०८१/०८२ | ३८००१३२.६५० | J.C.G Nirman Sewa | १.६९% | ३७८८८१४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| तिनचुले मन्दिर संरक्षण तथा पदमार्ग निर्माण | १९९९०९८.०४ | TRM/SQ/EBID/३/२०८१/०८२ | १८९१८६०.०७० | Aadhiberi construction And Suppliers Company | १.६०% | १८५७१४६.६ |
| वडा नं. ५ प्रशासकिय भवन निर्माण | ३०२७९००९. | TRM/EBID/NCB/६/२०८१/०८२ | २१०५८४६५।९८ | AA-KHUSHI JV | ३०.३२% | सम्झौता भएकं |
| जम्मा | १०७५३६०१३.९९ | | ६८१७५३२७.३६ | | | |

३२.३ **ठेक्का अभिलेखः** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मुल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। पालिकाले यस वर्षको ठेक्का व्यवस्था भएको ठेक्का कार्यको अभिलेख राखेको देखिन्छ।

३२.४ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति:** सार्वजनिक निकायले हरेक योजनाको म.ले.प. बाट स्वीकृत फारमका आधारमा अभिलेख व्यवस्थित गरी राख्नु पर्दछ। कार्यालयले यस आर्थिक वर्षमा सञ्चालन गरेका केही योजनाहरु गत बिगतमा केही भुक्तानी भएका र केही अधुरा समेत रहेका छन। एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक वर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले पुन:क्रमागत बजेटमार्फत योजना सञ्चालन गर्दा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ। परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढि परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम देखिन्छ। कार्यालयले तर्जुमा गरेको योजना कार्यान्वयन, सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्याबधिक राखी तथा यकिन गरि अभिलेख व्यवस्थापन गर्नुपर्दछ। कार्यालयले यस वर्ष निर्माण कार्यको मलेपफान ५०१ देखी ५१४ सम्मका फारमहरु व्यवस्थापन गरेर नराखेका कारण यथार्थ अवस्था यकिन गर्न सकिएन। निर्माण कार्यको अभिलेख व्यवस्थित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

३२.५ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको थपको लागि निवेदन दिएमा मनासिव कारण विश्लेषण गरी सम्झौता अवधि थप गर्न सम्म व्यवस्था छ। यो वर्ष कार्यालयले १० वटा ठेक्काको सम्झोता गरेकोमा शुरु अवधिको ५० प्रतिशतसम्म थप १ वटा म्याद थप गरेको देखियो। उल्लेखित नियमावलीको नियम १२०(६)मा भएको व्यवस्था अनुसार ५० प्रतिशत भन्दा बढी अवधिको म्याद थप गर्न नपाइनेमा नियमावलीको व्यवस्था पालिकामा भएको छैन। यसरी कानुन वाहिरको परिस्थिति बाहेक पूर्व निर्धारित क्षतिपूर्ति समेत निर्धारण नगरी नियमित रूपमा म्याद थप गर्ने पदाधिकारीको कार्य सम्पादन अवस्था विश्लेषण गरेर यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ।

| **क्र.सं.** | **कार्यक्रमकोनाम** | **जम्मा कायम सम्झौता सङ्ख्या** | **म्यादथपभएकोसम्झौतासङ्ख्या** | | | |
|---|---|---|---|---|---|---|
| | | | **अवधि थप गर्नु नपर्ने** | **शुरु अवधिको ५०% सम्म थप** | **शुरु अवधिको ५१ देखि १००% सम्म थप** | **शत प्रतिशत भन्दा बढी अवधि थप** |
| १ | माझखर्क दरौदि औलखोला सर्पाण्डी भातखाने डाडा सडक निर्माण | १ | | १ | | |

३२.६ **कार्य स्वीकार/कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको अन्तिम भुक्तानी गर्दा निर्माण व्यवसायीबाट कार्य स्वीकार प्रतिवेदन लिनु पर्ने र नियम १२५ अनुसार ३० दिन भित्र एज विल्ट नक्सा लिनु पर्ने र नियम ११५(१क) अनुसार त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले निर्माण कार्यको त्रुटि सच्याउने दायित्व नखुलाई कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरेको छ। नियमानुसार कार्यस्वीकार प्रतिवेदन तथा एज विल्ट नक्सा लिने एवं निर्माण व्यवसायीबाट त्रुटि सच्याउने दायित्वको अवधि भित्र त्रुटि सच्याउने दायित्व नरहेको सुनिश्चित हुने अभिलेख तयार गरी कार्यसम्पन्न प्रतिवेदन जारी हुनु पर्दछ।

३२.७ **ठेक्काको पूर्वतयारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। कार्यालयले वातावरणीय प्रभाव अध्ययन गर्ने, रूख हटाउने, विद्युतका पोल सार्ने र मुआब्जा तथा क्षतिपूर्ति वितरण गर्ने लगायतका पूर्व तयारीका कार्य नगरी ठेक्का लगाएको वा सडक, पुल तथा भवन निर्माण गर्ने ११ वटा ठेक्काहरूमा पूर्व तयारीको काम समावेश गरी रू.६ करोड ८१ लाख ७५ हजार को खरिद सम्झौता गरेको देखिन्छ। बोलपत्र गर्नुअघि नै सम्पादन गर्नुपर्ने कार्य ठेक्कामा समावेश गरी निर्माणको समय पनि पूर्व तयारीका काममा खर्चिनु पर्दा ठेक्काको समय र लागत वृद्धि भएको छ। नियमको पूर्ण पालना गर्नु पर्दछ।

३२.८ **ठेक्का सम्झौताको पालनाः** खरिद सम्झौता अनुसार निर्माण कार्य गर्नुपर्दछ। यस कार्यालयले ११ कामका रू.६करोड ८१ लाख ७५ हजार ठेक्का सम्झौताको काम गराउदा संयुक्त उपक्रमका सबै साझेदार काममा सहभागी नभएको, बिड डकुमेन्टमा उल्लेख भएका उपकरण तथा कर्मचारी निर्माण कार्यमा प्रयोग गरेको अभिलेख नराखेको, सम्झौताको व्यवस्थाको सट्टा खरिद नियमावलीको आधारमा म्याद थप गरेको, समय र लागत वृद्धि सम्बन्धी विषयमा निर्माण व्यवसायीबाट पूर्व जानकारी लिने नगरेको, निर्माण व्यवसायीबाट भेरिएसनको प्रस्ताव पेस भएको ७ दिनभित्र स्वीकृति दिई भेरिएसनको काम गराउनुपर्नेमा काम सम्पन्न गरेपछि स्वीकृति दिने समेत गरेको, लमसम ठेक्कामा नगद प्रवाहको अनुमान बेगर कार्यतालिका अद्यावधिक गर्ने गरेको, निर्माण व्यवसायीको कारणबाट काममा ढिलाइ भएको अवस्थामा पनि मूल्य समायोजन भुक्तानी गरेको, मोविलाइजेशन पेस्की काममा प्रयोग गरेको प्रमाण पेश नगरेको, निर्माण व्यावासायीबाट विशेष परिस्थितिको सूचना लिने नगरेको, एज बिल्ट नक्सा पेस नगर्ने निर्माण व्यवसायीको सम्झौतामा उल्लेख भए अनुसारको रकम रोक्का राख्ने नगरेको अवस्था छ। यसबाट ठेक्काको समय र लागत बढ्न जान्छ।

ठेक्का सम्झौतानुसार निर्माण व्यवसायीले निर्धारित समयमा काम शुरु नगरेमा, पेस्की जमानत अन्य काममा प्रयोग गरेमा, ३० दिन भन्दा बढि अवधि काम रोकेमा, गरेको काममा देखिएको त्रुटि नसच्याएमा, जमानत अद्यावधिक नगरेमा ठेक्का तोड्न सकिने व्यवस्था भए तापनि ती व्यवस्था कार्यान्वियनमा आएका छैनन्। सम्झौताका उल्लिखित प्रावधानहरू कार्यान्वियन गराउन ठेक्का कार्यान्वियन गर्ने पदाधिकारीलाई थप जिम्मेवार बनाउनुपर्दछ।

३३ **दलामचौर मोटरेबल पुलः**

दलामचौर मोटखेल पूल निर्माणको मिति २०८२/०१/१० मा रु. ४२१७५३७०.४९ मा सम्झौता भई मिति २०८३/०३/१४ मा कार्य सम्पन्न गर्ने गरी कार्य प्रारम्भ गरिएका, फिल्डमा गई हर्दा काम नभएको, सामान ल्याएर राखेको, पेश्की रु. ८४००००० लगेको देखिन्छ। यसको कार्य सम्पादन जमानत मिति २०२७/०७/३० र बिमा मिति २०२६/०६/२८(OLP) रहेको छ। कार्य सम्पन्न गर्ने समयावधि भएता पनि कार्यतालिकाम बमोजिम काम भएको छैन।यसले गर्दा कार्यसम्पन्न हुन नसक्ने हुँदा समय मै सम्बन्धित पक्षहरु जिम्मेवार हुनुपर्दछ।

३४ **पालिकाको विभिन्न ठेक्काको अवस्था:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९, ६३ र सो को नियमावलीको नियम १२८ अनुसार खरिद तथा निर्माणको सम्झौता गर्नेले सम्झौता बमोजिम काम नगरेमा कार्य अस्वीकार गर्ने, त्रुटिपूर्ण मालसामान तत्काल हटाउने र सम्बन्धित निर्माण व्यवसायिबाट प्रतिस्थापन गर्न लगाउने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने, सम्झौता बमोजिम प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता

जुनसुकै बखत पेश्की र कार्य सम्पादन जमानी प्राप्त गर्ने, १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, बाँकी काम सम्झौता गर्नेको लागतबाट पुरा गराउने र कालोसूचीमा राख्न लेखि पठाउने व्यवस्थाहरू छन् । यस पालिकाको बिभिन्न ११ वटा ठेक्काको निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी विभिन्न तालिका बमोजिम पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरी कट्टा गर्नुपर्ने गरी सम्झौता भएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ:

३४.१ **ठेक्काको विवरणः** पालिकाले यसवर्ष लगाएको विभिन्न निर्माण कार्यसँग सम्बन्धित ठेक्काको विवरण देहाय अनुसार रहेका छन्।

| क्र. स. | योजनाको नाम | ठेक्का नं. | पि जी रकम र मिति | इन्सुरेन्स रकम र मिति | सम्झौता रकम | फर् |
|---|---|---|---|---|---|---|
| १ | वडा न १ प्रशासकिय भवन निर्माण | TRM/NCB/EBID/०९/०७८-७९ | | २०२३/ ०७/ ०३(OLP)बाँकी कामको भुक्तानी | | Leve Con And Sup |
| २ | छेजी करिमेला सिप हुदै म्याग्दि सडक | TRM/EBID/NCB/०३/२०८१/०८२ | ३००००० र २०८३।०३।२७ | ३०००० | ८१३१५१.७६० | p.k. cons And Sup Pvt.l |
| ३ | दलामचौर मोटरेबल पुल | TRM/NCB/०४/२०८०-०८१ | २१०८७६८।५३ र २०२६।०६।२९ | २०२७/०६/ २९ | ४२१७५३७.४९० | acha Acha |
| ४ | घुस्मेलीघाट कल्भर्ट निर्माण | TRM/EBID/NCB/०१/२०८१/०८२ | १५२००० नगद | पेश नभएको | ३७५१६८४.०० | Red Con Pvt.l |
| ५ | करिमेला नमुना गाउँ सडक ढलान | TRM/SQ/EBID/२/२०८१/०८२RE | २०२६।११।१८ | पेश नभएको | १३९११४६.७० | p.k. cons And Sup Pvt.l |
| ६ | लानुबाघाट कल्भर्ट निर्माण | TRM/SQ/EBID/४/२०८१/०८२RE | १४९३१० र २०२६।११।१८ | पेश नभएको | १२१७२८१.५० | J.C. Nirn Sew |
| ७ | माझखर्क दरौदि औलखोला सर्पाण्डी भातखाने डाडा सडक निर्माण | TRM/EBID/NCB/४/२०८१/०८२ | २०८३४५ र २०२६।०८।०५ | पेश नभएको | ४१६६८९९.८१० | New Nirn Sew |
| ८ | मर्स्याङ्दि खोला कल्भर्ट निर्माण | TRM/EBID/NCB/०२/२०८१/०८२ | ९३५२३।१५ र २०२६।०८।०५ | २०२६।०६।२१ | १६४९४३८.३६० | J.C. Nirn Sew |
| ९ | ताराखोला मिनिग्रेटवाल | TRM/EBID/NCB/५/२०८१/०८२ | १९१००० र २०२६।०८।२५ | २०२५/ ०७/ ०२(OLP) | ३८००१३२.६५० | J.C. Nirn Sew |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा पदमार्ग निर्माण | | | | | |
| १० | तिनचुले मन्दिर संरक्षण तथा पदमार्ग निर्माण | TRM/SQ/EBID/३/२०८१/०८२ | ९४५०० र २०२६।०८।१५ | | १८९१८६०.०७० | Aad cons And Sup Com |
| ११ | वडा नं. ५ प्रशासकिय भवन निर्माण | TRM/EBID/NCB/६/२०८१/०८२ | २६६६००० र २०८४।०४।३१ | नभएको | २१०५८४६५।९८ | AA-I JV |

३४.२ **निर्माण कार्यतालिकाः** निर्माण व्यवसायीसँग भएको सम्झौताको जेनेरल कन्डिसन अफ कन्ट्रयाक्टको बुँदा नं. ३४.३ अनुसार निर्माण व्यवसायिले प्रत्येक ३० दिनमा निर्माण कार्यतालिका अद्यावधिक नगरेमा रोक्का राख्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौता बमोजिम प्रत्येक ३० दिनमा अद्यावधिक कार्यतालिका पेश गरेको देखिएन। सम्झौताको शर्त बमोजिमको पैसा रोक्का राख्नुपर्ने देखिन्छ। कार्यालयले पेश्की जमानत, कार्यसम्पादन जमानत, ईन्सुरेन्स रकम र मिति यकिन गरि कट्टा गर्नुपर्ने देखिन्छ। साथै निर्माण कार्यको कार्यसम्पादन जमानतको म्याद समेत गर्नुपर्ने देखिन्छ।

३४.३ **पेश्की घटी कट्टीः** SCC को GCC 57.3 मा Advance Deductions from payment certificates will commence in the first certificate in which the value of works executed exceeds 30% of the contract price. Deduction will be at the rate of 40% of the respective monthly interim payment certificate until such time as the advance payment has been repaid; provided that the advance payment shall be completely repaid prior to the end of 80% of the approved contract period को व्यवस्था रहेको छ। पालिकाले विभिन्न योजनाको पेश्की दिएको स्पष्ट विवरण नराखी भुक्तानी दिएको देखियो। उक्त भुक्तानी गर्दा सम्म पेश्की कट्टा भए नभएको यकिन गर्न सकिएन। सम्झौता बमोजिम पेश्की कट्टा गरी स्पष्ट विवरण गर्नुपर्दछ।

३४.४ **बिमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले बिमा गराउनुपर्ने व्यवस्था छ। उक्त बिमाको अवधि त्रुटी सच्याउने दायित्वको अवधिसम्म रहनुपर्ने उल्लेख छ। निर्माण कार्यको कार्यसम्पन्न हुने समय २०८१।०३।१५ रहेकोमा त्रुटि सच्याउने दायित्व २०८१।०९।२९ (DLP 12 month) सम्म रहने हुदा बिमा अवधि सम्म मात्र रहेको देखियो। कानुनमा भएको व्यवस्था अनुसार त्रुटि सच्याउने दायित्व अवधि सम्मको बिमा गराउनु पर्दछ।

| क्र.सं. | विवरण | निर्माण व्यवसायी | सम्झौता मिति | बिमा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | लनुबाघाट कल्भर्ट निर्माण | J.C.C. Niraman sewa | २०८२/ ०३/ २५ | २०००० | प्रमाण पेश गर्ने |
| २ | माफखर्क | New Gorkha Nirman | २०८२/ ०२/ २९ | ३०००० | प्रमाण पेश गर्ने |
| ३ | वडा नं. ५ कल्भर्ट निर्माण | AA Kushi TV | २०८२/०६/ २३ | ३०००० | प्रमाण पेश गर्ने |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८०,००० |

३४.५ **भेरिएशन आदेशः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई १० प्रतिशत सम्मको भेरिएशन आदेश तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार गाउँपालिकाको निर्माणाधीन घुस्मेलीघाट कल्भर्ट निर्माणको २०८२ असार २३ सम्म निर्माण कार्य सम्पन्न गरी भेरिएशन आदेश जारी गरेको पाइयो।

भेरियशन आदेश कार्यपालिकाको बैठकले प्रदान गरेको छ। कल्भर्ट सम्पन्न गर्न बिचबाट पिलर सहितको थप गरेको देखिन्छ। कल्भर्टको दायाँबायाँ तारजाली थप गरी सम्पन्न गरेको देखिन्छ। यस्तो कार्य गर्दा समय र लागत दुबैमा वृद्धी हुने देखिन्छ।

३४.६ **कार्यसम्पादन जमानतः** सम्झौतामा The Performance Security amount is Nrs. As per PPR Regulation and Bid रहेकोमा कार्यसम्पादन जमानतको मिति २०८२।१०।२६ सम्म रहेको देखिन्छ। कार्यसम्पादन जमानत PPR Regulation and Bid अनुसार हुनु पर्दछ।

३५ **उपभोक्ता समितिबाट कार्य:**

पालिकाले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छ। लेखापरीक्षणको क्रममा तयार गरी पेश गरेको विवरण अनुसार गत बिगत र यो वर्षमा शुरुवात भई ग्राभल निर्माण कार्य, ढलान कार्य, ड्रेन बनाउने कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण, माटो पूर्ने लगायतका कार्यको लागि रु. १ लाखभन्दा कमको योजना २२, रु. १ लाख देखि पाँच लाख सम्मका योजना ५७ लगायत ९० वटा योजनाहरुको रु. २७२८३२८४.० को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु. ३३१२८१२१.३१ को कार्य भएकोले जनसहभागिताबाट गरी रु. २७२८३२९ भुक्तानी भएको विवरण पेश भएको छ। यस वर्ष सशर्त बाहेक पालिका पूँजीगत खर्च रु. ४००५५९१५१ मध्ये ८३ प्रतिशत उपभोक्ताबाट सम्पादन गरेको छ। जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन्।

३५.१ **योजना विवरणः** पालिकाले यसवर्ष उपभोक्ता समिति मार्फत देहाय बमोजिम कार्यहरु सञ्चालन गरेको छ। ठुला तथा जटिजन्य योजनाहरु उपभोक्ता समिति मार्फत गर्ने कार्यमा क्रमिक रुपमा निरुत्साहन गर्दै जाने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | २२ | १६८९६७३.८१ |
| २ | रु.१ लाख एकदेखि पाँच लाख सम्मका योजना | ५७ | १७६४१७४९.५५ |
| ३ | रु.५ लाखदेखि १० लाख सम्मका योजना | ७ | ५६४६६९७.९५ |
| ४ | रु.1० लाख एकदेखि ५० लाख सम्मका योजना | ४ | ८१५००००.०० |
| ५ | रु.५० लाख भन्दा माथिका | ० | ०.०० |
| | **जम्मा** | | **३३१२८१२१.३१** |

३५.२ **जनसहभागिताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ। पालिकाले आयोजना/कार्यक्रम कार्यान्वियन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ। उपभोक्ता समिति गठन गरी कुल लागत अनुमानको न्यूनतम १० प्रतिशत रकम बेहोर्ने गरी सम्झौता गरेको देखियो। उपभोक्ताको अंश नगद नरहि श्रमदानबाट हुने देखिन्छ र केहीमा नगद पनि रहेको छ। यसबाट गुणस्तरीय कार्य भएको छ भन्न सकिने आधार देखिएन। उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश वृद्धि गरी योजनामा उपभोक्ताको अपनत्व वृद्धि गर्नुपर्दछ।

३५.३ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले गरेका निर्माण कार्यहरु मध्ये

अधिकाशं निर्माण कार्य ग्राभल निर्माण कार्य, गोरेटो बनाउने कार्य, तारवार जाली लगाउने, भवन निर्माण, सामुदायिक सिँचाई कुलो कार्य लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनु पर्दछ।

३५.४ **भुक्तानीको सिफारिसः** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा अधिकांशमा फोटाहरु संलग्न राख्ने र केहीमा फोटाहरु योजनाहरुमा सम्बन्धित वडाको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको देखियो। उपभोक्ताबाट सम्पादित कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरी फोटा राख्ने गरेको देखिन्छ। सम्बन्धित वडाले भुक्तानीको सिफारिस नगर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भएको सिफारिस दिने गरेको छैन। केहीको योजनाहरुमा अनुगमन समितिको अनुगमन भएको देखिन्छ। यसबाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन।

३५.५ **कामको नाँपजाँच र हस्तान्तरणः** योजनाहरुको नापी किताबमा सबै प्राविधिक कर्मचारीको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राविधिकको मात्र हस्ताक्षर नापीकिताब, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी, उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो। सम्झौता अनुसार कम कार्य गर्दा पनि कार्य सम्पन्न/ कार्य स्वीकार प्रतिवेदन जारी गरेको छ। लागत अनुमानमा भएको कंक्रिटजन्य कार्य कम गर्ने कार्य पुरा गर्ने गरेको देखियो। सजिलो काम गर्ने र सिमेन्ट छड लगाउने कार्य कम गर्दा पनि पालिकाले भुक्तानी गरेको छ। यसबाट उपभोक्ता समितिबाट गरिएका कार्यहरुको यथार्थ मुल्याङ्कन सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था देखिएन। योजना हस्तान्तरण र सोको मर्मत सम्भारको व्यवस्था गरेको देखिन आएन। पालिकाले सम्पूर्ण योजनाहरु अद्यावधिक नगरेका कारण आवधिक रुपमा भुक्तानी भएका योजनाहरु दोहोरो परे नपरेको यकिन गर्न सकिएन। पालिकाले योजनाहरुको अद्यावधिक लगत बनाई राख्नुपर्दछ।

३५.६ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले ग्राभल निर्माण कार्य, कलभर्ट बनाउने कार्य, मन्दिर सौन्दर्यकरण लगायत कार्य गरेको छ। यस्ता केही कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईन्छ। केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ। परीक्षण गरेको भौचर नं. ३३, ६३, १५८, ७५, १३३, २४४, २२९, १८६, १३६, १२७, १८३, ७१, ९६, ११० र १४४ लगायतका श्रेस्तामा खर्च सार्वजनिकीकरण गरेको छैन। कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ।

३५.७ बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको आश्वस्त हुन सक्ने अवस्था देखिएन। समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन। एउटै स्थानमा पर्ने फरक फरक निर्माण कार्यको लागि समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ। एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्बन्धमा समेत यकिन हुने आधार देखिन। पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ।

३५.८ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७, ९७ क तथा उपभोक्ता समिति सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, लगायतका मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नपाइने, तोकिए बमोजिम काम नगर्ने उपभोक्ता समितिलाई भुक्तानी नदिई कालो सूचीमा राखी कारबाही गर्नुपर्ने, श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको

प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन्। त्यसैगरी कुल लागत रु १ करोडसम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत तोकिएको ढाँचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्त अनुसार ३३ प्रतिशत महिला सदस्य हुनुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिबाट कार्यहरु गराउदा उपयुक्त व्यवस्थाको पूर्ण पालन भएको देखिदैन। उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउनु पर्दछ।

३६ **सोझै खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिष्पर्धी र मितव्ययी ढंगले खरिद गर्नु पर्ने र एकमुष्ठ बजेटलाई टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्नेमा यस पालिकाले ६ कामको रु.३५०००००.० बजेटबाट रु.३५०००००.० लागत अनुमानका रु.१० लाख भित्रका ६ वटा टुक्रा पारी लागत अनुमानकै हाराहारीमा प्रतिष्पर्धा बेगर सोझै खरिद गराई रु ३३५७००९.२४ भुक्तानी दिएको छ। एउटै निर्माण व्यवसायीबाट एकै वर्षमा एक पटक भन्दा बढी काम समेत गराएको छ। उक्त कानूनी व्यवस्था अनुसार प्रतिष्पर्धात्मक रुपले खरिद कार्य गर्नु पर्दछ।

| क्र.स. | योजनाकोनाम | वडा नं. | विनियोजित बजेट | खर्च भएकोबजेट | काम | परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | धाप सिर्से काम्ल्याङमो बा | १ | ८००००० | ७६६७२०.८५ | सडक खन्ने काम | ८७मि पुरानो ६५१ मि नँया | |
| २ | सिले कोट सडक निर्माण | २ | २००००० | १९१६६४.२२ | मोटरबाटो खनेको | २६० मि खन्ने काम | |
| ३ | हिलगाऊँ सिङगुजि मोटर बाटो निर्माण | ३ | ९१३०००. | ८७७११८.६३८ | नयाँबाटो निर्माण | १७००मिटर | |
| ४ | साँदिहोर गिनुवा मोटर बाटो निर्माण | ३ | ६०००००. | ५७४९७१.२९८ | नयाँबाटो निर्माण + पुरानो बाटो मर्मत | ४८० मिटरनया बाटो | |
| ५ | पधेराखोला अस्तुरि मोटरबाटो निर्माण | ३ | ३०००००. | २८७१८७.२३१ | सोलिङ्,ग्रेड मिलाउने,बाटो सम्माउने ,पहिरो पन्छाउने ,इत्यादि | १.५ किमि को लम्बाईमा सोलिङ ५५ मि | |
| ६ | दलामचौरनेपाने टम्की मोटरबाटो मर्मत तथा निर्माण | ४ | ७०००००. | ६५९३४७. | मोटरबाटो खनेको | १२५४ मि | |

३७ **सामाजिक सुरक्षा भत्ता वितरण तर्फः**

३७.१ **सामाजिक भत्ता वितरण:** सामाजिक सुरक्षा सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस दफासँग सम्बन्धित अनुसूचीमा उल्लेख भए अनुसारका लाभग्राहीलाइ सामाजिक सुरक्षा भत्ता वितरणमा यो वर्ष कुल रु. ६०८७८६५४.६८/- खर्च लेखेको छ।

| सि नं. | लाभग्राहीको विवरण | मासिक दर | प्रथम त्रैमासिक | | दोश्रो त्रैमासिक | | तेश्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम | लाभग्राही संख्या | निकासा रकम |
| 1 | जेष्ठ नागरिक | ४००० | ८७४ | १०४०७१५८ | ८७६ | १०५०२९२७ | ८८० | १०४४३७८१ | ८७९ | १०९२९४११ |
| 2 | जेष्ठ नागरिक (दलित) | २६६० | ११२ | ५५०४६० | १११ | ८८५७८० | १२० | ९४१६४० | ११८ | ७४०१२० |
| 3 | जेष्ठ नागरिक एकल महिला | २६६० | ७२ | ५७४५६० | ७१ | ५६१२६० | ६८ | ५३७३२० | ६७ | २०७९८०१ |
| 4 | विधवा | २६६० | २४४ | १९३६४८० | २४९ | ३९०९२२० | २५० | १९०१९४० | २५४ | ४५८४४० |
| 5 | पूर्ण अपाङ्गता | ३९९० | २० | २३९४०० | २० | २३९४०० | २१ | २४९५०८ | २० | १२६०.६८ |
| 6 | अति अशक्त अपाङ्गता | २१२८ | ५९ | ३७४५२८ | ६१ | ३८७२९६ | ६२ | ३८५३१० | ६१ | २८३८६६ |
| 7 | दलित बालबालिका | ५३२ | १६७ | २५७७४५ | १६५ | २५८४५६ | १६८ | २५७५२८ | १६७ | २५४०५९ |
| | **जम्मा** | **१८६३०** | **१५४८** | **१४६७०३३१** | **१५५३** | **१६७४४३३९** | **१५६९** | **१४७१७०२७** | **१५६६** | **१४७४६९५७.६८** |

३७.२ **निस्क्रिय खाता तथा लगत कट्टाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) अनुसार सामाजिक सुरक्षा खाता सञ्चालन गर्ने बैंकले खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र दिनुपर्ने र कार्यविधिको दफा २६(३) अनुसार लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ।बैंकले निस्क्रिय खाता, डमी खाता तथा लगत कट्टा गरेको विवरण उपलब्ध नगराएकोले वितरित रकम यकिन हुन सकेन। पालिकाले बैंकबाट सो विवरण लिई लगत कट्टा तथा अन्य प्रकृया पूरा गरी भत्ता वितरण कार्यलाई यथार्थपरक बनाउनुपर्दछ।

३७.३ **मृत्यु पश्चात रकम जम्मा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम ११(२) मा कुनै लाभग्राहीको मृत्यु भएमा सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिन भित्र घटना दर्ता गराउनुपर्छ र घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत अद्यावधिक गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ। नियम १५(४) मा मृत्यु भएका लाभग्राहीको मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। पालिका निकासा भएको सामाजिक सुरक्षा भत्ता वितरणको नमुना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिम विवरण भएका लाभग्राहीहरुको लगतकट्टी गरेर पनि लाभग्राहीको खातामा सामाजिक सुरक्षा वापतको रकम नघटाइ बैंकमा जम्मा गरेको देखिएकेले देहाय बमोजिम लगत कट्टा पश्चात जम्मा भएको रकम रु. १५५८५७/- फिर्ता गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने रु.

| क्र.स. | लाभग्राहीको नाम | वढि भुक्तानी रकम |
|---|---|---|
| १ | तिर्सना घर्ती | ३४६६ |
| २ | मेघ बहादुर घर्ती | ५३३३ |
| ३ | जय लाल सुवेदी | ४४१३३ |
| ४ | खडक वहादुर अठारे | ८६६६ |
| ५ | हरिकला खत्री | १६८४ |
| ६ | रत्न कुमारी पुन | १६३९९ |
| ७ | पोमिकला कमिनी | १५५१६ |
| ८ | गौरा कामी | ५०६६ |
| ९ | मन कुमारी रोका | १५९९ |
| | | १०१८६२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **१६,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१५,८६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२९** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२,६६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **६६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **९,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२,३९९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,८६२ |

३७.४ **सार्वजनिक सुनुवाईः** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सक्ने कुराहरु सम्बोधन गरी

नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनुवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गर्ने परिपाटी बन्द गर्ने तर्फ पालिकाको ध्यान केन्द्रीत हुनु पर्दछ।

३७.५ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्नु पर्ने व्यवस्था छ।पालिकाले निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण समिति गठन गरीएको पाइएन। कार्यविधिमा उल्लिखित व्यहोराको पूर्णरुपमा पालना गर्नुपर्दछ।

३७.६ **पारदर्शीता कायमः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ। स्थानीय तहले भुक्तानी गरेको रकम र बुझि लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ। भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामावली सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामावली सम्बन्धित स्थानीय तहको वेबसाइटमा राखेर सामाजिक सुरक्षा भत्तामा पारदर्शिता कायम गरेको देखिएन। अतः यस सम्बन्धमा कार्यविधिको प्रावधान अवलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी बनाउनुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : ताराखोला गाउँपालिका, बाग्लुङ , ताराखोला गाउँपालिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रकाश गैरे | २०७९-३-१६ | २०८१-८-९ |
| कार्यालय प्रमुख | सुर्य लाल बिश्वकर्मा | २०८१-९-१८ | २०८२-०७-११ |
| लेखा प्रमुख | विष्णु प्रसाद रेग्मी | २०८१-०४-०१ | २०८२-०७-२८ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५२५,४५७ | १,२१५,१६० | २,०८३,१८२.४४ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३,८२३,७९९.४४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,७२२,४१० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २,१०१,३८९.४४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४०८१८९००.०३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३४३३८०००.२८ | चालु खर्च | १९८५३७५१८.३१ |
| प्रदेश सरकारबाट अनुदान | १५७९४८०० | पूँजीगत खर्च | ८८११८२३८.५४ |
| राजश्व बाँडफाँट | ६७०५७०४६.३ | वित्तीय/अन्य व्यवस्था | ८१२६९७३८.५४ |
| आन्तरिक आय | १४५०९४२३.१९ | | |
| अन्य आय | ६५२८४९७३.६८ | | |
| कुल आय | ३९६९८४२४३.४५ | कुल खर्च | ३६७९२५४९५.३९ |
| बाँकी मौज्दात | | ६९८७७६४८.०९ | |

**अनुसूची - २**

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.व.को कारोबार | | | गत आ.व. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ६,५९,८४,८५८.६३ | ० | ६,५९,८४,८५८.६३ | ६,३०,८९,०५७.१५ | ० | ६,३०,८९,०५७.१५ |
| १३००० | अनुदान | २३,४५,८८,७४८.९२ | ० | २३,४५,८८,७४८.९२ | २३,९६,६२,२०२.६९ | ० | २३,९६,६२,२०२.६९ |
| १४००० | अन्य राजस्व | ६९,५०,०६५.३६ | ० | ६९,५०,०६५.३६ | ४७,२३,७३५.६४ | ० | ४७,२३,७३५.६४ |
| १५००० | विविध प्राप्ति | ४३,३८,०५६.०० | ० | ४३,३८,०५६.०० | ७३,२७८.०० | ० | ७३,२७८.०० |
| क | **कुल जम्मा प्राप्ति** | ३१,१८,६१,७२८.९१ | | ३१,१८,६१,७२८.९१ | ३०,७५,४८,२७३.४८ | | ३०,७५,४८,२७३.४८ |
| ३ | चालु | १९,८५,३७,५१७.११ | ० | १९,८५,३७,५१७.११ | २१,९३,८८,५९७.३७ | ० | २१,९३,८८,५९७.३७ |
| २१००० | पारिश्रमिक / सुविधा | १४,८०,८३,८३०.१० | ० | १४,८०,८३,८३०.१० | १३,१२,९५,११७.६७ | ० | १३,१२,९५,११७.६७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३,१९,६३,३२९.०१ | ० | ३,१९,६३,३२९.०१ | ७,९०,९५,४२८.७० | ० | ७,९०,९५,४२८.७० |
| २५००० | सहायता (Subsidy) | १,२९,८८,७८१.०० | ० | १,२९,८८,७८१.०० | ६,६१,०००.०० | ० | ६,६१,०००.०० |
| २६००० | अनुदान | ० | ० | ० | ७३,४९,५७३.०० | ० | ७३,४९,५७३.०० |
| २७००० | सामाजिक सुरक्षा | ३७,०३,४७७.०० | ० | ३७,०३,४७७.०० | ३,८८,१४६.०० | ० | ३,८८,१४६.०० |
| २८००० | अन्य खर्च | १७,९८,१००.०० | ० | १७,९८,१००.०० | ५,९९,३३२.०० | ० | ५,९९,३३२.०० |
| ४ | पूंजीगत | ९,०५,९७,१४६.०० | ० | ९,०५,९७,१४६.०० | ८,६७,०२,६४८.०० | ० | ८,६७,०२,६४८.०० |
| ३१११० | भवन तथा संरचना | १,४३,८५,६४५.०० | ० | १,४३,८५,६४५.०० | ११,७८,०००.०० | ० | ११,७८,०००.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३१,५२,५८७.०० | ० | ३१,५२,५८७.०० | ११,९३,४६४.०० | ० | ११,९३,४६४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ६३,४९,२५९.०० | ० | ६३,४९,२५९.०० | ० | ० | ० |
| ३११४० | सुरक्षा उपकरण | ७,९४,०४२.०० | ० | ७,९४,०४२.०० | ० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | ६,४५,४७,०७३.०० | ० | ६,४५,४७,०७३.०० | ८,३९,३१,१८४.०० | ० | ८,३९,३१,१८४.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ८,००,०००.०० | ० | ८,००,०००.०० | ४,००,०००.०० | ० | ४,००,०००.०० |
| ३११७० | पूँजीगत सुधार | ४,९३,५४०.०० | ० | ४,९३,५४०.०० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | खर्च | | | | | | |
| ३१२२० | मौज्दात सामानहरु | ७५,०००.०० | ० | ७५,०००.०० | ० | ० | ० |
| ५ | वित्तीय | ० | ० | ० | ० | ० | ० |
| ख) | **कुल जम्मा भुक्तानी** | २८,९१,३४,६६३.११ | | २८,९१,३४,६६३.११ | ३०,६०,९१,२४५.३७ | | ३०,६०,९१,२४५.३७ |
| ग) | **बचत /कमी (ग = क-ख )** | २,२७,२७,०६५.८० | | २,२७,२७,०६५.८० | १४,५७,०२८.११ | | १४,५७,०२८.११ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)** | ९,९५५.९८ | | ९,९५५.९८ | (३१,०६,९१५.०५) | | (३१,०६,९१५.०५) |
| घ.१) | **कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी** | -२०,४४०.०० | | -२०,४४०.०० | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | २,२७,३७,०२१.७८ | | २,२७,३७,०२१.७८ | (१६,४९,८८६.९४) | | (१६,४९,८८६.९४) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ४,००,४७,०४२.४२ | | ४,००,४७,०४२.४२ | ४,१६,९६,९२९.३६ | | ४,१६,९६,९२९.३६ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ६,२७,८४,०६४.२० | | ६,२७,८४,०६४.२० | ४,००,४७,०४२.४२ | | ४,००,४७,०४२.४२ |

## बेरूजु दफा २१.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| शिक्षक विद्यार्थी अनुपात २०८१ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी | शिक्षक संख्या | विद्यार्थी शिक्षक अनुपात |
| १ | जनप्रेम मा.वि. | १२६ | १७ | ७.४१ |
| २ | प्रजातन्त्र विकास मा.वि. | १९७ | १३ | १५.१५ |
| ३ | बालकल्याण प्रा.वि. | ६ | २ | ३.०० |
| ४ | अमर प्रा.वि., अमरभूमि | ४९ | ५ | ९.८० |
| ५ | लावाङ प्रा.वि. | ५८ | ५ | ११.६० |
| ६ | अमर प्रा.वि., सिले | ३१ | ५ | ६.२० |
| ७ | सामुदायिक विकास | ४१ | ५ | ८.२० |
| ८ | अर्गल प्रा.वि. | २७ | ४ | ६.७५ |
| ९ | अर्गल मा.वि. | २१६ | १४ | १५.४२ |
| १० | हरी मा.वि. | १२२ | १७ | ७.१७ |
| ११ | जनता प्रा.वि. | ३२ | ५ | ६.४० |
| १२ | दुर्गा भवानी मा.वि. | २३५ | १४ | १६.७८ |
| १३ | बराहखोला आ.वि. | ५२ | ८ | ६.५० |
| १४ | दिपज्योती प्रा.वि. | ३० | ५ | ६.०० |
| १५ | काकाखोर आ.वि. | २० | ५ | ४.०० |
| १६ | नेपाल मा.वि. | ४२६ | २७ | १५.७७ |
| १७ | रिडी प्रा.वि. | १८ | २ | ९.०० |
| १८ | त्रिशुली प्रा.वि. | ८८ | ६ | १४.६६ |
| १९ | मालारानी आ.वि. | १५० | ८ | १८.७५ |
| २० | जुल्फे प्रा.वि. | ३८ | ३ | १२.६६ |
| २१ | युवावर्ष प्रा.वि. | ५४ | ५ | १०.८० |
| | जम्मा | २०१६ | १७५ | ११.५२ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।